मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक २१२ ● २०८० साल जेठ ३० गते मंगलबार ● Tuesday 13, June 2023 ● सूर्योदय: बिहान ५:०७ बजे ● सूर्यास्त: साँझ ७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## देश बदल्ने अठोटका साथ दलमा जनकपुरधामका नवयुवा

**पहिला भनिन्थ्यो, राजनीतिमा लाग्नु अन्धकारमा पस्नु हो, साहित्यमा लाग्नु फूलबारीमा बस्नु हो। तर, अचेल परिभाषा बदलिएको छ। अब राजनीतिले नै देशको भविष्य निर्धारण गर्छ र गर्न सक्छ भन्नेमा सबैको विश्वास बढ्दो छ।**



**किशन साह**

लोकतान्त्रिक विद्यार्थी संघकै किशन साह २०७४ देखि यस पार्टीमा आबद्ध छन्। जनकपुरधाम उपमहानगरपालिका-१ पूलचोक बस्ने उनी हाल २२ वर्षका भए। किशन भन्छन्, 'राजनीति फोहोर भयो भनेर औंला ठड्याएर मात्र युवाको दायित्व पूरा हुँदैन। सचेत युवा र राजनीति सँगसँगै अभिन्न रूपले जोडिएका पाटा हुन्। राजनीति केवल सान, सौकात र पदका लागि मात्र गर्ने चिन होइन। यो त विकास र समृद्धिका लागि गर्ने हो। राजनीतिलाई सेवा ठान्ने हो न कि पेशा बनाउने।'

हरेक क्षेत्रमा अब्बल हुनेको रोजाइ राजनीति हुनुपर्ने किशन बताउँछन्। राजनीतिलाई असल नीतिहरूको नीति बनाउनु आवश्यक रहेको उनको भनाइ छ। हरेक नयाँ पुस्ता पुरानो पुस्ताभन्दा अब्बल हुनैपर्ने र यसका लागि युवापुस्ता राजनीतिमा भित्रिन अपरिहार्य रहेको किशनको जिकिर छ। साथै युवाले गतिशीलता, सिर्जनशीलता र युगसापेक्षतालाई अँगाल्न आवश्यक रहेको उनको भनाइ छ। राजनीतिमा युवापुस्ता स्थापित भएन भने समाज विकासको गति अवरुद्ध हुने उनी बताउँछन्। समाजले राजनीतिमा युवाको कस्तो भूमिका अपेक्षा गरेको छ र युवाले पनि कस्ता भूमिका निभाएका छन् भन्ने विषयमा युवाले नै सोच्नुपर्ने आवश्यकता रहेको किशनको धारणा छ।

मधेसको अधिकारका लागि आफू राष्ट्रिय जनता पार्टी (राजपा) रहेकै बेला राजनीतिमा आबद्ध भएको बताउँदै किशन भन्छन्,' मधेस आन्दोलनको सेन्टिमेन्ट हेरेर मैले राजनीतिमा होमिने सोच बनाए। त्यतिबेला समाजमा राजनीतिज्ञलाई क्रुरको संज्ञा दिइन्थ्यो। नयाँ युवा पुस्तालाई समस्या धेरै थियो। ति सबैलाई थिचोल्दै मैले समाजका लागि केही राम्रो गर्ने सोच बनाएर राजनीतिलाई सेवाको रुपमा अँगालेको हुँ।'

किशनले पार्टीको मर्यादालाई कायम राख्दै साथीहरूको सहयोगले समाज परिवर्तनको दिशामा सदैव अग्रसर रहने प्रतिबद्धतासमेत जनाएका छन्।

**अमित ठाकुर**

विद्यार्थी राजनीतिमा सक्रिय २० वर्षीय अमित ठाकुर जनकपुरधामको रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा ब्याचलर प्रथम वर्षमा अध्ययनरत छन्।




महोत्तरीको भंगहा नगरपालिका वडा नम्बर-२ सिंग्याही स्थायी घर भएका ठाकुर हाल जनकपुरधाम-४ बसहिया रोडमा बस्छन्।

२०७५ सालदेखि राजनीतिमा लागेका उनी हाल लोकतान्त्रिक विद्यार्थी संघ जनकपुरधामका नगर अध्यक्ष हुन्। विद्यार्थी आन्दोलनको लामो अनुभव सँगालेका उनले विभिन्न आन्दोलनको अगुवाइ गरेका छन्। बदलिएको सन्दर्भमा विद्यार्थी आन्दोलनको दिशा, युवा-राजनीतिलगायत विषयमा ठाकुरले आलोचनात्मक कोणबाट पनि विभिन्न टिप्पणीहरू गरिरहन्छन्।

उनी भन्छन्, 'एक समय युवापुस्ताको दबदबा रहेको नेपाली राजनीतिमा अहिले युवाको उपस्थिति पातलिएको छ। अधिकांश युवा नेताको पछुवा बन्नमै रमाएका छन्। आलोचनात्मक चेतलाई मूलधारका पार्टीहरूले नरुचाएको आभास मसँग छ। परिणामतः युवाहरू राजनीतिबाट टाढिने क्रम बढ्दो छ। यसमा युवापुस्ता सचेत बन्नैपर्छ।'

राजनीतिमा आबद्ध व्यक्तिले नै यसलाई फोहोरी खेलको संज्ञा दिइरहेको र युवालाई राजनीतिमा आउन हतोत्साहीत बनाउने गरेको उनको धारणा छ। उनले यि र यस्ता धेरै नकारात्मक गतिविधीहरूलाई छिचोल्दै आफू शिक्षित यूवा भएर राजनीति गर्न चाहिरहेको बताएका छन्।




**आदर्श मण्डल**

धनुषाको नगराईन नगरपालिका-६ लगमा गाठागुठी बस्ने २१ वर्षीय आदर्श मण्डल विगत ६ वर्षदेखि विद्यार्थी राजनीतिमा सक्रिय छन्। २०७४ सालमा एसईई पास गरेका उनी २०७४ मै राजनीतिमा होमिए। हाल उनी जनकपुरधामस्थित राजर्षि जनक विश्वविद्यालयमा बिए एलएलबी थर्ड सेमेस्टरमा अध्ययनरत छन्। नेकपा एमाले पारिवारिक ब्याक ग्राउण्डबाट राजनीतिमा आबद्ध आदर्श अहिले अनेरास्ववियूका केन्द्रीय सदस्य हुन्।

उनलाई तपाईं राजनीतिमा कसरी प्रवेश गर्नुभयो भनेर सोध्दा उनी भन्छन्, 'म २०७४ सालमा एसईई पास भएपछि महात्मा गान्धी छात्रवृतिका लागि सिफारिश लिन नगराईन नगरपालिकास्थित वडा नम्बर-६ को कार्यालय पुगेको थिएँ। त्यतिबेला नेपाली कांग्रेसका धनवीर मण्डल वडाध्यक्ष हुनुहुन्थ्यो। मैले सिफारिशका लागि पटक पटक वडा कार्यालय धाउँदा पनि वहाँले मेरो काम गरिदिनु भएन। र, अन्तोगत्वा मैले छात्रवृति पाउन सकिन।'

आदर्शले आफू त्यतिबेलादेखि नै यस भ्रष्ट सिस्टमको विरोध गर्न राजनीतिमा होमिने संकल्प लिएको सुनाउँछन्। देशको राजनीतिक सिस्टम नै भ्रष्टहरूको हातमा रहेकोले सक्षम युवाले चाहेर पनि केही गर्न नसक्ने आदर्शको तर्क छ।

भ्रष्टाचारलाई जरैदेखि समाप्त पार्न र डिग्री लिएर राजनीति गरे केही उपलब्धी हुन्छ कि भन्ने सोचले अभिप्रेरित भएर अहिले पढाई सँगै राजनीतिलाई पनि अगाडि बढाईरहेको उनको भनाइ छ। अध्ययनमा असर परे राजनीतिबाट केही समयका लागि विराम लिएर भएपनि अध्ययन पूरा गरी फेरि राजनीतिमै फर्किने उनको योजना छ। आदर्शले देशलाई सचेत, शिक्षित र सक्षम युवाको आवश्यकता भएकोले आफू सोहीअनुरुप अगाडि बढिरहेको बताउँछन्।

**मधेशदृष्टि**
**जनकपुरधाम।**

यो देश युवाहरूको हो र यसलाई बनाउने जिम्मा पनि युवाहरूकै काँधमा छ। देशको हरेक राजनीतिक आन्दोलन र परिवर्तनको इतिहास हेर्ने हो भने हरेक इतिहासमा युवाहरूको भूमिका अग्रस्थानमा रहेको पाइन्छ। तर, के ति युवाहरू कस्ता छन् भन्ने कुरामाथि हामीले कहिल्यै आफ्नो ध्यान केन्द्रीत गरेका छौं ? यो देश बनाउन कस्ता युवाहरूको आवश्यकता छ ? हल्ला र भीडको पछाडि दौड्ने, ठूला/पुराना दलका कुनै नेताको आमसभामा लाखौंको संख्यामा उपस्थित हुने, नेताहरूको चुनावी आमसभा हुँदा जहाँ पनि पुग्न सक्ने, जति अराजक बन्न पनि तयार हुने, दलको झण्डा बोक्न र आफ्नो गुटको नेताको बचाउ गर्न जे पनि गर्न सक्ने, समसामयिक मुद्दामा स्वतन्त्र नागरिकको हैसियतले आफ्ना आवाज नउठाउने, आम नागरिकको जिम्मेवारीमा पर्ने सामान्य जिम्मेवारी समेत बहन नगर्ने युवा जमातको आवश्यकता छ त हामीलाई ? यस्ता युवाहरूले देश बनाउँछन् भनेर कसरी पत्याउने हामीले ?

खासगरी युवाहरूले यस परिभाषालाई आत्मसात गरिसकेका छन्। युवा पनि त्यस्ता जो सचेत छन्। नभए माथि उल्लेख गरिएका रंगीबिरंगी प्रकारका युवाहरूले केही पनि गर्न सक्दैनन्। हाम्रो समाजमा जो सचेत युवा छन् उनीहरूले मात्र समाज र राष्ट्रको हित सोच्न सक्छन्। व्यक्तिगत स्वार्थमा लिप्त भएर राजनीतिमा प्रवेश गरी त्यसलाई अवसरको रूपमा प्रयोग गर्ने युवाहरूको न कुनै काम छ न त कुनै अस्तित्व नै।

अहिले देशलाई आलोचनात्मक चेत, मानवीय संवेदना र विवेकको उच्चतम उपयोग गर्न सक्ने युवाको खाँचो छ। तीनै युवाहरू मध्ये हुन् जनकपुरधामका आदर्श मण्डल, अमित ठाकुर र किशन साह। यिनीहरू तिनैजना फरक-फरक राजनीतिक दलमा आवद्ध रेपनि समाज र राष्ट्रको हितमा सोच्न सक्ने ल्याकत राख्छन्।

## मधेश सरकारले ३५ अर्ब रुपैयाँको बजेट ल्याउने



**मधेशदृष्टि**
**जनकपुरधाम।**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ३५ अर्ब बराबरको बजेट ल्याउने भएको छ। अर्थ मन्त्रालयका सचिव प्रेमप्रसाद भट्टराईले सरकारले आगामी आर्थिक वर्षका लागि सो रकम बराबरको बजेट ल्याउने तयारी गरेको जानकारी दिएका हुन्।प्रदेश सरकारले असार १ गते बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार मधेस सरकारले बजेट ल्याउने तयारी गरेको उनले जानकारी दिए।उनले चालू आर्थिक वर्षभन्दा आगामी वर्षमा बजेटको आकार घटेर आउने जानकारी दिए। सचिव भट्टराईले प्रदेश सरकारको २० अर्ब र संघीय सरकारले दिने १५ अर्ब गरी कूल ३५ अर्बको बजेट ल्याउने तयारी भइरहेको बताए।अधिकांश मन्त्रालयको बजेट निर्माण अन्तिम चरणमा रहेको र संघ सरकारले आगामी आर्थिक वर्षका लागि २२ प्रतिशत बजेट कटौती गरी पठाएकाले बजेटको आकार घट्ने उनले जानकारी दिए। गत मंगलबार प्रदेश प्रमुख हरिशंकर मिश्रले प्रदेशसभामा १८९ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। सरकारको नीति तथा कार्यक्रममाथि तीनदिन संसदमा छलफल भई गत शुक्रबार सर्वसम्मतिले पारित भइसकेको छ। मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ मा ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजार रुपैयाँको बजेट ल्याएको थियो। त्यस्तै, २०७७/७८ का लागि ३३ अर्ब ५६ करोड ९ लाख ८९ हजार र २०७८/७९ मा ३३ अर्ब ७९ करोड १४ लाख ३० हजार रुपैयाँको बजेट सार्वजनिक गरिएको थियो। मधेस प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७९/८० मा ४६ अर्ब ९१ करोड ४८ लाख ८८ हजारको बजेट ल्याएको थियो।

## प्रदेश सांसदलाई २ अर्ब ३५ करोड रूपैयाँ

मधेश प्रदेश सरकारले प्रदेशसभा सदस्यहरूलाई २ अर्ब ३५ करोड रूपैयाँ बाँड्न लागेको छ।




असार १ गते आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले ल्याउन लागेको ३५ अर्ब बराबरको बजेटमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत प्रदेशसभा सदस्यहरूलाई सो रकम बाँड्ने भएको हो। मधेश प्रदेशको ६४ निर्वाचन क्षेत्रका ६४ जना प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्यलाई ३ करोडको दरले १ अर्ब ९२ करोड र ४३ जना समानूपातिका सांसदलाई १ करोडका दरले ४३ करोड गरी कूल २ अर्ब ३५ करोड रूपैयाँ बाँड्ने भएको छ। 'बजेटमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम नाम हुन्छ कि हुँदैन, थाहा छैन। तर, नाम फरक परे पनि यो कार्यक्रम आउँछ। प्रत्येक निर्वाचन क्षेत्रमा ३ करोड छुट्याउने पक्का छ,' स्रोतले भन्यो, 'केही सांसदकै माग अनुसार मधेसका ६४ निर्वाचन क्षेत्रमा १ अर्ब ९२ करोड रकम छुट्याइने पक्का छ।'मधेसका संस्थापक मुख्यमन्त्री लालबाबु राउतले निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमका लागि आर्थिक वर्ष २०७६/७७ देखि रकम विनियोजन सुरु गरेका थिए। त्यसपछि सांसदलाई बजेटको निरन्तरता भइरह्यो। सार्वजनिक रूपमा आलोचित यस्तो कार्यक्रम नराख्न माग भए पनि यो कार्यक्रमले निरन्तरता पाएको छ।

राउत नेतृत्वको सरकारको कार्यकाल समाप्त भएपछि जसपाका सरोज कुमार यादवको नेतृत्वमा सरकार बनेको छ। यसपटक अर्थमन्त्री संजयकुमार यादवले उक्त कार्यक्रमलाई बजेटमा समावेश गर्ने गरी तयारी गरेका छन्।

## अदालतको आदेश लत्याएर वडासचिवद्वारा चरित्रमाथि प्रश्न ?

*'पति सम्पर्कविहीन भएपछि पीडामा रहेकी बन्दना थापाका तीन सन्तानको जन्मदर्ता गराउनु पर्ने निकाय वडा कार्यालयकी सचिव गीता महतोले 'अदालतको आदेश होइन, बच्चा अनैतिक सम्बन्धबाट जन्मेको हो भनेर निवेदन ल्याए जन्मदर्ता गरिदिन्छु भन्दै चरित्रमाथि नै प्रश्न उठाएर गम्भीर अपराध गरेकी छिन्'*

**सुरेश यादव**
**धनुषा।**

धनुषास्थित सबैलानगरपालिका-१३ घर भएकी बन्दना थापाले चारवर्ष संघर्ष गरेर पनि तीनजना सन्तानको जन्मदर्ता प्रमाणपत्र पाउन सकिनन्। बन्दनाका छोराछोरीले माग गर्नेबित्तिकै जन्मदर्ता प्रमाण पत्र पाउनुपर्ने कानुनी प्रावधान छ। तर, बन्दनाले प्रक्रिया थालेको दुई वर्ष बितिसक्दा पनि छोराछोरीको जन्मदर्ता प्रमाणपत्र पाउन सकिरहेकी छैनन्।

बन्दनाले यो प्रक्रियामा लागे यता दुई वडा अध्यक्ष र तीन वडा सचिव फेरिइसके। उनले जन्मदर्ताका लागि निवेदन लिएर जाँदा वडा अध्यक्ष भागिरथ महतो र सचिव श्याम यादव थिए।महतोको कार्यकाल सकिएर वडा अध्यक्ष पदमा निर्वाचित भए देवनारायण महतो। सचिव यादवका ठाउँमा सरुवा भएर आए नथुनी ठाकुर। ठाकुरको ठाउँमा गीता महतो वडा सचिव छिन्।

बन्दनाले निर्वाचित भएर आएका वडा अध्यक्ष महतो र सरुवा भई आएका नयाँ सचिवसँग पनि जन्मदर्ता माग गरी निवेदन गरिन्। उच्च अदालत जनकपुरले वडा कार्यालय, वडा अध्यक्ष, वडा सचिव र स्थानीय पञ्जिकाधिकारीको नाउँमा तत्काल जन्मदर्ता जारी गर्न आदेश गरेको पनि दुई महिना बितिसक्यो, तर, सुनुवाइ भएन। अब के गर्ने ? संविधानले बन्दनाका सन्तानलाई जन्मदर्ता 'दे' भन्छ। सोही संविधानलाई कार्यान्वयन गर्न बनाइएको कानुनले समेत बन्दनाका सन्तालाई जन्मदर्ताबाट वञ्चित गर्न नपाउने व्यवस्था गरेको छ। संविधान र कानुनको व्याख्या गर्ने अदालतले समेत उनका सन्तानलाई तत्काल जन्मदर्ता दिन आदेश गरिसक्यो। र, पनि बन्दनाका सन्तानले किन जन्मदर्ता पाउन सकेनन् ? प्रश्न अनुत्तरित छ। माओवादी द्वन्द्वकालमा सशस्त्र संघर्षमा उत्रेकी बन्दनाको लडाकु टोलीमै रहेका सुमन कार्की सहयोद्धासँग मायाप्रीति बस्यो। एकअर्का बीच समान्य कुराकानी हुँदै समयक्रममा उनीहरुको सम्बन्ध जनवादी विवाहको प्रक्रिया पूरा गरी दाम्पत्य जीवनमा प्रवेश गर्छ। केही समयपछि उनीहरु घरबार बसाल्ने चाँजो मिलाउन तिर लाग्छन्। बन्दनाले घर जान प्रस्ताव गरेपछि सुमनले आफू घरबारविहीन टुहुरो भएको सुनाउँछन्। पतिको घरबारको ठेगानासमेत नपाएपछि माइती घरमै गएर दुवै सँगै बस्ने निधो गर्छिन् बन्दना।

सोहीक्रममा बन्दना-सुमन जोडीले तीन सन्तान प्राप्त गर्छन्। दुई छोरीपछि हेटौंडा अस्पतालमा छोराको जन्म दिएर घर फर्केको तीनचार दिनपछि सुमन छोराछोरी र पत्नी छाडेर घरबाट निस्कन्छन्। त्यसयता उनको अत्तोपत्तो छैन।

दिन बिते। महिना बिते। वर्ष बिते। छोरी र पछि छोरासमेत विद्यालय जाने उमेरका भए। जेठी छोरी आर्या गाउँकै द्वारिका आधारभूत विद्यालयमा भर्ना भइन्। सुरुमा त जन्मदर्ताविना आर्याको नामांकन गर्नै विद्यालय प्रशासन अन्कनायो। भनसुनमा पछि उपलब्ध गराउने शर्तमा विद्यालय तयार भयो। बन्दनाले अर्की छोरी ऋतिकालाई पनि विद्यालय भर्ना गराउन हारगुहार गर्नुपर्‍यो। जसोतसो ऋतिका पनि विद्यालय भर्ना भइन्। पति फर्केर आउलान् र छोराछोरीको जन्मदर्ता बनाउँला भनेर पर्खिरहेकी बन्दनाले छोरीको जन्मदर्ता पेश गर्न विद्यालयले बारम्बार ताकेता गर्न थालेपछि वडा अध्यक्षलाई गुहार्न पुगिन्।

बालबालिकाको जन्मदर्ता बनाउन उनीहरुका बुबा आउनुपर्ने हो। आमा मात्रै आए पनि बुबाको आधारविना कहाँ जन्मदर्ता दिन सकिन्छ भन्ने अडान वडाअध्यक्ष र सचिवको छ। वडाअध्यक्ष भागिरथ महतोले बन्दनालाई वडा सचिव श्याम यादवलाई भेट्न भन्दै पन्छिए। यादवले भोलि, पर्सी भन्दै सुरुमा केही महिना बन्दनालाई वडा कार्यालय धाउन लगाए। पछि अनैतिक स्वार्थपूर्ण प्रस्ताव तेर्स्याउन थाले। पति गुमाएकी बन्दनाले सन्तानको जन्मदर्ताका लागि केही हदसम्म लाचारी देखाए पनि काम नहुने देखिएपछि गाउँकै एकजना दाजुको सहयोग लिएर कानुनले तोकेको प्रक्रिया पूरा गरिन्। र, पनि आफ्ना सन्तानको जन्मदर्ता नपाएपछि न्यायका लागि अन्तिम ढोका भनेर अदालत पुगिन्।

'विपक्षीहरु (वडा कार्यालय, वडा अध्यक्ष, वडा सचिव र स्थानीय पञ्जिकाधिकारी) को नाममा निवेदन मागबमोजिम परमादेशको आदेश किन जारी हुनु नपर्ने हो ?' अदालतले तत्कालै कारणसहित लिखित जवाफ १५ दिनभित्र पेश गर्न आदेश गर्‍यो। वडा कार्यालयले अदालतको आशय बुझेर जन्मदर्ता जारी गरिदिनु पर्नेमा विपक्षी (बन्दना थापा) वडाका बासिन्दा नै नभएको जिकिर गर्दै विपक्षीको पतिको ठेगानाबाट जन्मदर्ता लिनुपर्ने आशयको जवाफ अदालतमा पेश गर्‍यो। वडा अध्यक्ष, सचिवसमेत विपक्षीले पेश गरेको जवाफलाई आधारहीन सावित गर्दै अदालतले गत चैत २१ गते आदेश गर्‍यो, 'कानुनबमोजिम निवेदकको मागअनुरुप निवेदकका छोराछोरीको जन्मदर्ता गरी प्रमाणपत्र दिनु भनी विपक्षीहरुका नाममा परमादेश आदेश जारी हुने ठहर्छ। प्रस्तुत निवेदनमा परमादेशको आदेश जारी हुने ठहरी आदेश भएको हुँदा सोको जानकारी दुवै पक्षलाई दिनू।' अदालतले जारी गरिदिएको परमादेशको आदेश पत्र लिएर वडा कार्यालय पुग्दा पनि वडा कार्यालयले जन्मदर्ता गर्न मानेको छैन। उच्च अदालतको आदेशलाई बेवास्ता गरिरहेको वडा कार्यालयले उल्टै बहाना बनाएर चासो नलिएको पीडितको दुखेसो छ।

'अदालतको आदेश देखाएर हुँदैन। बरु, तेरो बच्चा अनैतिक सम्बन्धबाट जन्मेको हो भनेर निवेदन ल्याऊ अनि जन्मदर्ता गरिदिन्छु,' वडा सचिव गीता महतोले भनेको बन्दनाले सुनाइन्। कानुनी आधारविना बन्दनाले भने जस्तो बच्चाको जन्मदर्तामा बाबुको नाम उल्लेख गर्न नसकिने महतोको जिकिर छ। उनले मधेशदृष्टिसँग भनिन्, 'अदालतले पनि जन्मदर्ता जारी गरिदिनु भनेको छ, बाबुको नाम उल्लेख गर्नुपर्ने वा नपर्ने भन्ने विषयमा केही बोलेको छैन।'जनकपुरधाम उपमहानगरपालिकाका कानुनी सल्लाहकार समेत रहेका अधिवक्ता मन्सुर राइनले पनि बच्चाको जन्मदर्ता आमाको नामबाट बनाउन समस्या नरहेको भए पनि बाबुको नाम उल्लेख गर्न नाता कायम हुने आधार आवश्यक रहेको जानकारी दिए। बन्दनाले भने अदालतबाटै आदेश भइसकेको दाबी गर्दै वडा कार्यालयले विना कुनै शर्त आमाबाबुको नाम उल्लेख गरी छोराछोरीको जन्मदर्ता जारी गर्नुपर्ने अडानमा छिन्।




मधेश प्रदेशकै विशेषज्ञ अस्पतालको रुपमा स्तरउन्नति भएकोमा यस अस्पतालका सम्पूर्ण चिकित्सक, कर्मचारी तथा शुभचिन्तकहरुमा हार्दिक बधाई छ।

हाम्रा सेवाहरू :-



कैथलैबबाट मुटुसम्बन्धी सम्पूर्ण ईलाजमा रु. एक लाखसम्म छुट
चोटपटक लागि न्यूरो सर्जरी ईलाजमा रु. एक लाखसम्म छुट
MRI, CT SCAN
फ्री डाईलाइसिस सेवा
स्वास्थ्य वीमा कार्यक्रम
आमा सुरक्षा कार्यक्रम अन्तर्गत फ्री प्रसूति सेवा

वीरगंज हेल्थ केयर अस्पताल
बहुअरी, वीरगंज महानगरपालिका-१४
सम्पर्क नं.: ०५१४२९२००४
info@bhchospital.com www.bhchospital.com

# विषालु सर्पको टोकाईबाट बालकको मृत्यु



**मधेशदृष्टि**
**वीरगंज ।**
सर्लाहीको बागमती नगरपालिका वडा नम्बर १२ मा विषालु सर्पको टोकाइबाट एक बालकको मृत्यु भएको छ । बागमती नगरपालिकामा बस्ने कुमार विकका ४ वर्षका छोरा सलिन विकको विषालु सर्पको टोकाइबाट ज्यान गएको हो । गएराती घरमा सुतिरहेकै स्थानमा बालकलाई सर्पले टोकेको थियो ।

बालकको अवस्था गम्भीर बनेपछि बालकलाई राती करिब २ बजे उपचारका लागि सर्लाहीको नवलपुर स्थित सर्पदंश उपचार केन्द्रमा पुऱ्याइएको थियो । अस्पताल पुऱ्याउने बित्तिकै चिकित्सकले बालकलाई मृत घोषणा गरेको सर्प दंश उपचार केन्द्रका अध्यक्ष उद्धव पौडेलले जानकारी दिए । बालकलाई ढिलागरि अस्पताल ल्याएकै कारण वालकाको मृत्यु भएको चिकित्सकको भनाई छ । बालकका बुवा वैदेशिक रोजगारीमा छन् भने आमा घर बाहिर रहेको र बालक आफ्नो सानिमा सँग घरमा रहेको अवस्थामा बालकलाई सर्पले टोकेको थियो । बालकलाई सर्पले टोकेको आफूले नदेखेको र पछि औलाबाट रगत बगेको देखेपछि मात्र सर्पले टोकेको सङ्का लागेर अस्पताल लगिएको आफन्तले बताएका छन् ।

बिहान घरमा हेर्ने क्रममा गोमन सर्प बालक सुतेको कोठामा पता लागेको सर्लाहीका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । बालकको शव सर्पदशं उपचार केन्द्रमै रहको प्रहरीले जनाएको छ । पछिल्लो समय जिल्लामा अत्यधिक गर्मी बढ्दा सर्पले टोकेका बिरामीको संख्या बढेको नवलपुर स्थित सर्पदंश उपचार केन्द्रका अध्यक्ष उद्धव पौडेलले जानकारी दिए ।

# कार्यकक्षमै थुनिए सिरहा क्याम्पसका प्रमुख र प्राध्यापक



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको सूर्य नारायण सत्य नारायण मोरबैता यादव बहुमुखी क्याम्पसका प्रमुख र प्राध्यापकहरुलाई जनमत विद्यार्थी संघले थुनेको छ । स्वतन्त्र विद्यार्थी यूनियनमा निर्वाचित पदाधिकारीलाई प्रमाणपत्र अहिलेसम्म नदिएको र शपथग्रहण नगराएको भन्दै जनमत विद्यार्थी संघले क्याम्पस प्रमुख रामहित यादव र प्राध्यापकहरुलाई थुनेको हो ।जनमत विद्यार्थी संघसंघ आवद्ध विद्यार्थीहरुले तालाबन्दी गरेपछि क्याम्पस प्रमुख रामहित, क्याम्पसका सहायक प्रमुख ब्रह्मदेव यादव, प्रशासन प्रमुख प्रदीप यादव र निर्वाचन समितिका सदस्य देवशंकर यादवलाई थुनिएका थिए ।

यो क्याम्पसमा चैत्र ५ मै स्ववियु निर्वाचन सम्पन्न भयो । निर्वाचन परिणाम अनुसार जनमत विद्यार्थी संघका दीपेन्द्र यादव सभापतिमा र सोही संगठनका विद्यार्थी अन्य सबै पदमा निर्वाचित भए । तर अहिलेसम्म प्रमाणपत्र समेत नदिएपछि जनमत विद्यार्थी संघले क्याम्पस प्रमुख र प्राध्यापकहरुलाई थुनेको बुझिएको छ । स्ववियु सभापतिमा निर्वाचित यादवले आफूहरुलाई अहिलेसम्म प्रमाणपत्र नदिएको र पटक-पटक आग्रह गर्दा बेवास्ता गरेपछि बाध्य भएर आन्दोलन गर्नुपरेको बताए । उनले भने, 'प्रमाणपत्र वितरण गराउनमा सहयोग गर्न प्रमुख जिल्ला अधिकारीलाई समेत ज्ञापनपत्र बुझाएका छौं ।'स्ववियु चुनावमा जनमत विद्यार्थी संघले पुरा प्यानलै विजयी भएपछि अन्य विद्यार्थी संगठनले धांधली गरेको आरोप लगाउदै क्याम्पसमा तालाबन्दी र प्रदर्शन गरेको थियो । उनीहरुले नै विवाद खडा गरेपछि स्वविyu निर्वाचन समितिले प्रमाणपत्र वितरण सहितका विषयमा ठोस् निर्णय लिन सकेको छैन ।क्याम्पस प्रमुख रामहितले विवाद समाधान गर्न सबै विद्यार्थी संगठनलाई वार्तामा बोलाएर सहमति गराउन खोज्दा पनि नभएको बताए । क्याम्पसको हितलाई ध्यानमा राख्दै विद्यार्थी संगठन अगाडी बढ्नुपर्ने र समस्या समाधान गर्नुपर्ने उनको भनाई छ ।

# नयाँ उद्यमी सृजनासम्बन्धी तालिम सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिका वडा नम्बर १ मा रहेको शशीधर कृष्णा आधारभूत विधालय पोखरियामा सोमबार गरीबी निवारण का लागी लघुउद्यम बिकास सम्बन्धी ३ दिन र गरीबी निवारण को लागी लघु उद्यम बिकास कार्यक्रम अन्तरगत नयाँ उद्यमी सृजना सम्बन्धी ५ दिने तालिम सम्पन्न भएको छ । पोखरिया नगरपालिकाको वडा नम्बर १ बनकटवा ५० जना महिला लाई तालिम दिईएको छ । सोमबार आयोजित समापन कार्यक्रम पोखरीया नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष प्रमोद गिरीको सभापतित्वमा सम्पन्न भएको हो ।

कार्यक्रममा पोखरिया नगरपालिकाका प्रशासन शाखा तथा शिक्षा शाखा प्रमुख विजय कुमार झा, समाजिक बिकास शाखाका नरेन्द्र साह कानू लगायतको सहभागिता रहेको थियो ।

# मटिहानी नगरपालिकाले गर्यो जग्गाको वर्गीकरण



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको मटिहानी नगरपालिकाले नगरक्षेत्रभित्रको जग्गाको वर्गीकरण गरेसँगै नगर क्षेत्र भित्र रहेको जग्गाको कित्ता काट खुलेको छ ।मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डल सोमवार एक कार्यक्रम बीच भू उपयोग क्षेत्र वर्गीकरणको कार्य सम्पन्नको सार्वजनिकीकरण गरेका छन् ।

मटिहानी नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको जग्गाहरुलाई कृषि क्षेत्रतर्फ १६८६.७१८ हेक्टर, व्यवसायिक क्षेत्रतर्फ १७.६२८ हेक्टर, साँस्कृतिक क्षेत्रतर्फ २.४०० हेक्टर, नदीजन्य।पोखरी क्षेत्रतर्फ ६४.७७६ हेक्टर, औद्योगिक क्षेत्रतर्फ २६.८४२ हेक्टर, सार्वजनिक क्षेत्रतर्फ ६५.६९४ हेक्टर र आवासीय क्षेत्रतर्फ १०५४.७७४ हेक्टर जग्गा वर्गीकरण गरेको छ ।नगरपालिकाले वर्गीकरण गरेको जग्गाहरु जम्मा ३४ हजार ३ सय ९७ कित्ता रहेको र मङ्गलबार देखि सबै जग्गाको कित्ताकाट खुल्ला भएको जानकारी गराइएको छ ।

# खानेपानी संस्थाको शपथ ग्रहण तथा पद हस्तान्तरण

**मुकेश कुमार साह**
**रौतहट ।**
चन्द्रनिगाहपुर खानेपानीउपभोक्ता तथा सरसफाइ संस्थाका नवनिर्वाचित पदाधिकारीहरुले सोमवार पदभार ग्रहण गरेका छन् । पदाधिकारीलाई चन्द्रपुर नगरपालिकाका प्रशासकिय अधिकृत किरणनिधी तिवारीले शपथ तथा पदभार ग्रहण गराएको हो । प्रशासकिय अधिकृत तिवारीको अध्यक्षता तथा नगरप्रमुख संजय काफ्लेको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमलाई सम्बोधनगर्दै प्रमुख अतिथि चन्द्रपुर नगरपालिका प्रमुख सन्जय काफ्लेले उपभोक्तालाई स्वच्छ र सफापानी उपलब्ध गराउन कार्यसमितिले योजनाबद्धरुपमा सबैलाई मिलाएर लैजानुपर्ने बताए । उपभोक्ताले माग गरेको २४ घण्टाभित्रै धारा उपलव्ध गराउने परिपाटी विकास गर्न नयाँ नेतृत्वलाइ सुझाव समेत दिए । उनले संस्थालाई व्यक्तिगत नभई विधिबाट सञ्चालनगर्न पनि आग्रह गरे ।'खानेपानी संस्थाको लागि मेरो व्यक्तिगत र नगरले के गर्नुपर्छ हामीतयार छौं तपाईहरू एक भएर खानेपानीको विकासमा लाग्नुहोस'काफ्लेले भने -'जनचाहना र चुनावमा लिएका प्रतिवद्धताहरू पूरा गर्नतर्फ खानेपानीको नयाँ नेतृत्वले जानुपर्ने सुझावदिए । निर्वाचित नयाँ कार्यसमितिलाई खानेपानी संस्थालाई अझै अगाडि लैजाने र नमुना संस्थालाई थप विकास गर्नका लागि चुनौति संगै अवसरहरु रहेको बताएका थिए । सडक विस्तारका क्रममा खानेपानीको पाईपलाईनमा क्षतिपुग्ने र त्यसबाट खानेपानी वितरणमा समस्याहुने होकी भन्ने आम उपभोक्तामा चिन्ता रहेकोमा कार्यसमिति संगै नगरपालिका पनि संगै मिलेर कामगर्ने भएकोले त्यसलाई सहि ढंगले योजना बनाएर कामगर्न सकिने भन्दै त्यस प्रति चिन्तित हुनुपर्ने अवस्था नरहेको काफ्लेले बताए ।

कार्यक्रममा निवर्तमान अध्यक्ष ।दिपक धितालले कर्मचारीको लापरवाहीका कारण खानेपानीमा यसअघि केही समस्या देखिएको भन्दै नयाँ पदाधिकारीलाई आफ्नो सहयोग सधै रहने बताए । उनले खानेपानीभित्र भष्ट्राचार भयो भनेर एक किसिमको प्रचार भएकोमा गलतप्रचार नगर्न पनि आग्रह गरे । 'खानेपानीभित्र भष्ट्राचार भयो भनेर बजारमा हल्ला छन , तर यि कुरा कुनै सत्यता नरहेको र बिभिन्न निकायमा पुगेकाले यो टुङ्गो निकायले नै लगाउने छ' उनले भने ।'


# भुलसुधार

यस राष्ट्रिय सहकारी बैंक लिमिटेडको मिति २०८०/०२/२८ गते मधेश दृष्टि दैनिकमा प्रकाशित श्री एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको **"कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना"**मा प्रकाशित मिति २०८०/०२/२८ हुनुपर्नेमा अन्यथा भएकाले सोही अनुसार भुलसुधार गरी म्याद सच्याईएको छ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop


# वालश्रमविरुद्ध अन्तरक्रिया



**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व बालश्रम विरुद्धको दिवसको अवसरमा ग्रिन सिटी समुदायिक सेवा केन्द्र आदर्शनगर वीरगंजले बालश्रम विरुद्ध अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ । वीरगंजमा केहि होटल, ग्यारेजहरुमा बालश्रमिकहरु अझै कार्यरत रहेको भन्दै उनिहरुलाई त्यहाबाट पुर्नस्थापित गर्नु पर्ने माग सहित बालश्रम विरुद्ध जागरण ल्याउन पम्पलेट, पर्चा समेत वितरण गरेको केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले जानकारी दिए ।

कार्यक्रममा प्रहरी चौकी आदर्शनगरका इन्चार्ज सत्य प्रकाश त्रिपाठी, केन्द्रका सचिवमा मुरली जलान, सुशिल कादमिया, रतन टेमानी, त्रिलोकचन्द्र दारुका, चन्द्र अग्रवाल, लालु माया महतो लगायतको सहभागिता रहेको थियो ।

# ट्याङ्करबाट पानी वितरण

**मधेशदृष्टि**
**जलेश्वर ।**
जलेश्वर नगरपालिकाले नगर क्षेत्रभित्रका पानीका स्रोत कम भएपछि ट्याङ्करबाट पानी वितरण गर्न थालेको छ । पछिल्लो समय यहाँका धारा, चापाकल र अन्य पानीका स्रोतबाट पानी आउन छाडेको छ । जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनारले नगरको विभिन्न वडामा ट्याङ्करबाट पानी वितरण भइरहेको जानकारी दिए । बाह्र वडा रहेको जलेश्वर नगर क्षेत्रभित्र १२ हजार तीन सय ८० घरधुरी रहेकामा प्रायः घरधुरीमा जडान रहेको धारा र चापाकल सुकेर पानी आउन बन्दको जनाइएको छ । मधेस प्रदेशका भू तथा वातावरणविज्ञ बेचन महतोले नगर क्षेत्रभित्रको जलस्तर कम हुँदा पानीका स्रोत सुकेको बताए ।




जलेश्वरमा यसअघि कहिले पनि पानीको अभाव नभएको बताइएको छ । जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित बर्दिबास , गौशाला, भङ्गहा, औरही, बलवा, रामगोपालपुर नगरपालिका र सम्सी गाउँपालिकाको समेत पानीको समस्या भएको बताइएको छ । महोत्तरीका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले खानेपानीको अभाव हुन नदिन काम भैराखेको बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरुसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बद्लान् ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ। कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

# मौसम फेरिँदा केही राहत

**रासस**
**महोत्तरी ।**



चिसो बतास चलेर ठाउँठाउँमा पानी परेपछि बढेको गर्मीबाट केही राहत मिलेको यहाँका स्थानीय बताउँछन् । जेठ लागेयता पानी नपरेर लगातार बढ्दो तापमानले प्रभावित भएको जनजीवनमा आइतबार साँझदेखि चिसो बतास चल्नुका साथै ठाउँठाउँमा पानी परेपछि केही राहत भएको हो ।
महोत्तरीमा आइतबार साँझ पूर्व-पश्चिम राजमार्ग वारिपारी क्षेत्रमा केहीबेर मेघगर्जनसहित पानी परेपछि शीतल महसुस गरिएको छ । 'खेतीपातीलाई साथ मिल्ने र सुकेका पानीका मुहान रसाउने गरी त पानी पर्न सकेन, तर चिसो बतास चलेपछि मौसम शीतल भएको छ', बर्दिबास-२ बारनचौडीका उमेश आचार्यले भने, 'पानी परेर चिसो भएपछि हिँड्डुल गर्न सहज भएको छ ।' उहाँका अनुसार मौसममा सामान्य फेरबदल हुँदा पनि यहाँका स्थानीयले निकै राहत महसुस गरेका छन् ।
जेठ मध्ययता एकाबिहानैदेखि लाग्ने टड्कारो घाम सोमबार मलिन भएको छ । आकाशमा काला बादलका टुक्रा देखिँदा र चिसो बतास चलिरहँदा अब राम्ररी पानीपर्ने आश जागेको यहाँका स्थानीय बताउँछन् । जेठ मध्ययता हिजो अपरान्हसम्म केही घटबढ हुँदै तापमान ४४ डिग्री सेल्सियससम्म मापन गरिएको थियो । सोमबार बिहान महोत्तरीका बर्दिबास, गौशाला, औरही र भङ्गाहामा जडित मौसम सूचना केन्द्र (स्टेसन) ले तापक्रम ४० डिग्री सेल्सियसभन्दा तल देखाएका र पानी पर्नसक्ने सङ्केत दिइरहेका दैनिक मौसम सूचना हेरी रहेका बर्दिबास-६ का नीलबहादुर लुम्रेले बताए । 'मैले निरन्तर मौसम स्टेसनका सूचना हेर्दै छु, आइतबार साँझयता तापमान घटेको र पानी पर्ने सम्भावना देखाइएको छ' उनले भने, 'यसले अब केही त्राण (राहत) पाइन्छ कि भन्ने आश जागेको छ ।'
जिल्लामा लामो समयदेखि घामको राप बढ्दै गएर पानी नपर्दा पानीका मुहान सुकेर खानेपानीको हाहाकार बढ्दै गएको छ । मौसममा फेरबदल आए पानी पर्ने र मुहान रसाउने सर्वसाधारणले आशा गरेका छन् । मौसम तथा जलवायु विज्ञ विराट पन्तले अझै राम्ररी पानी पर्ने सम्भावना नरहेको बताए । जलवायु परिवर्तनको असरले मौसमको पूर्वानुमान गरिने परम्परागत मान्यता खण्डित भएको उनको भनाइ थियो ।जलवायु परिवर्तनका असर न्यूनीकरणसम्बन्धी कार्यरत संस्था रुपान्तरणमा जलवायु विज्ञ रहेका पन्तले विश्वव्यापी रूपमा भइरहेको जलवायु परिवर्तनका असरभित्र आफूलाई अनुकूल बनाउँदै लैजानुपर्ने बताए ।
'जलवायु परिवर्तनका विश्वव्यापी असर छन्, हामीले यी असरभित्रै खेतीपाती र अन्य व्यवसाय अनुकूल हुनेगरी ढाल्न सक्नुपर्छ' उनले भने, 'यसका लागि विपद् कम गर्न नदी प्रणाली व्यवस्थापन गर्ने, वृक्षरोपण गर्ने र अनुकूलन खेतीपाती अपनाउनुपर्छ ।'
लामो समयसम्म लागेको खडेरीले चरनक्षेत्रका सिमसार, भूल (भूल्के जरुवा पानीका मुहान) र चरन पानीघाटमा पानी सुकेपछि पशुवस्तु पालनमा पनि अप्ठ्यारो थपिएको छ । खडेरीका कारण बालीनाली ओइल्याउने, सुक्ने र मर्ने क्रम बढ्दो छ । खडेरी उखुबाली डढ्न थालेपछि उखु किसान चिन्तित छन् ।

# साना व्यापारमा रमाउँदै हरवाचरवा महिला



**राजु विश्वकर्मा**
**सप्तरी ।**

कुनै बेला साहु महाजनको खेतबारीमा मजदुरी गरेर परिवार पाल्दै आएकी सप्तरीको बोदे बसाइन नगरपालिका-७ हैठीका कलमतदेवी सदाको पहिचान यतिबेला फेरिएको छ ।
केही वर्षअघिसम्म दुई छाक कसरी टार्ने भन्ने चिन्ताले पिरोलिएकी उहाँको अब भन्ने त्यो दुःखको दिन गएको छ । पुँजीका आभावमा आर्थिक उन्नति गर्नसमेत सोच नबनाएकी सदा अहिले किराना व्यापार गरेर राम्रो आम्दानी गर्न थालेपछि उहाँको दुःखको दिन गएको हो । गाउँको साहुमा हरवाचरवाको काम गरी जीविकोपार्जन गर्दै आएकी सदाको परिवारमा केही वर्षअघिसम्म दुःखको पहाड लागेको थियो तर ऋण लिएर गाउँमै किराना पसल खोलेपछि दुःख विस्तारै हराउन थालेको सदा बताउछन् ।
'केही नगरी जीवनस्तर उकास्न सकिन भन्ने बुझेर दुई वर्षअघि न्यून पुँजीमा किराना पसल सञ्चालन गरे अहिले जीवनमा ठूलो परिवर्तन आएको छ', उनी भन्छन्, 'व्यापार गर्ने इच्छा भए पनि पुँजी आभावका कारण त्यसले मूर्तता पाउन सकेको थिएन, तर २०७८ सालमा द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवाचरवा सशक्तीकरण अभियान कार्यक्रमअन्तर्गत गठित दिनाराम दिनाभद्री बचत तथा ऋण समूहबाट ऋण लिएर व्यापार सुरु गरेपछि आफ्नो सपना साकार भएको उहाँको कथन छ ।कलमतदेवीले पसल चलाउन थालेपछि अहिले उनका श्रीमान् विहारी सदाले पनि उनलाई सघाइरहेकी छन् । 'म पसल चलाउँछु, श्रीमानले नजिकैको बोदे बसाइन बजार र मानराजबाट पसलका लागि चाहिने सामान ल्याई दिनुहुन्छ', कलमतदेवी भन्छिन्, 'अहिले हामी दुवै जना मिलेर पसल चलाइरहेका छौं ।' पसलबाट दैनिक एक हजारदेखि एक हजार पाँच सयसम्म आम्दानी भइरहेको उनको कथन छ ।
'पहिला गाउँको साहु महाजनमा मजदुरी गर्दै आएको थिए', कलमतदेवीका श्रीमान् विहारी सदा भन्छन्, 'अहिले केही वर्षदेखि मजदुरी छाडेर किराना पसलमा श्रीमतीलाई सघाउँदै आएको छु ।' अरुको मजदुरी गर्नुभन्दा आफ्नै व्यापार गरेर राम्रो आम्दानी गर्न पाएकोमा असाध्यै खुसी लागेको उहाँको अनुभव छ ।
यस्तै सप्तरीको शम्भुनाथ नगरपालिका-१० जमुवाकी लक्ष्मीकुमारी रामले पनि गाउँमा किराना पसल चलाएर राम्रो आम्दानी गर्दै आउनुभएको छ । सामान्य लेखपढ गर्नसमेत नजानेकी लक्ष्मीलाई बिहान हुने बित्तिकै कतिबेला पसल खोल्ने, कहाँबाट सामान ल्याउन र बिक्री गर्ने भन्नेमा हतारो हुन्छ ।
दुई वर्षअघिसम्म पुँजीको आभावमा आयआर्जनको कुनै काम गर्न नसकेकी उहाँ अहिले भन्ने गाउँ नजिकै किराना पसल सञ्चालन गरी राम्रो आम्दानी गर्दै आउनुभएको छ । आयआर्जनको गतिलो आधारसँगै लक्ष्मीको जीवनमा परिवर्तन मात्र होइन, परिवारको पहिचानसमेत फेरिएको छ । आयआर्जनको ठोस आधार नपाउँदा केही वर्षअघि सम्म गाउँकै साहु महाजन कहाँ बनिबुतो गर्दै आएको विगतको अतित सम्झिँदै लक्ष्मी भन्छन्, 'पहिले हरवाचरवाको रुपमा ज्याला मजदुरीमा सधैँ काम गरेर जीविकोपार्जन गरिरहेको थिएँ, बालबच्चालाई पालनपोषण गर्न धौ-धौ हुन्थ्यो ।'
अहिले भन्ने स्वतन्त्ररुपमा सानो व्यापार गरेर राम्रो आम्दानी हुन थालेको छ, जसका कारण सन्तुष्ट छु, उनको भनाइ छ । 'दिनभरि ज्याला मजदुरीमा काम गर्दा मात्र थोरै मात्र ज्याल पाउथ्ये, त्यस कारण परिरवार चलाउन समस्या हुन्थ्या', लक्ष्मी भन्छिन्, 'तर अब मेरो त्यो दुःखको दिन कटेको छ ।' अहिले तरकारी व्यापार गरेरै पाँच जना परिवारको गुजारा चलाउँदै आएको छु, उनको भनाइ छ ।
आर्थिक विपन्नता र चेतनाको अभावमा साहु महाजनमा श्रम गर्दै आएकी लक्ष्मीकुमारी, कलमतको जीवनमा आएको यो परिवर्तन कुनै चमत्कारिक शक्तिबाट नभई श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवा सशक्तीकरण कार्यक्रमबाट आएको हो । 'सुरु सुरुमा म धेरै लजाउँथे, के गरौं नगरौं भन्ने थाहै थिएन, सधैं मजदुरी गरेर जेनतेन परिवार मात्रै पालथ्ये', लक्ष्मी भन्छिन्, 'तर, जब श्रीपुर्राज सामुदायिक विकास केन्द्रले गाउँमै हरवाचरवा परिवारलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरे, तबदेखि हाम्रो जीवनमा परिवर्तन आयो ।' द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवाचरवाको सशक्तीकरण कार्यक्रमअन्तर्गत गाउँकै महिलाको सक्रियामा गठन भएको बचत तथा समूहमा आबद्ध भएकी उहाँहरु त्यही समूहबाट ऋण लिएर व्यापार सुरु गरेको बताउछन् ।
कलमतदेवी आबद्ध दिनाराम दिनाभद्री बचत तथा ऋण समूहमा ३० जना सदस्य आबद्ध छन् । हरेक सदस्यले बचत समूहका मासिक रु एक सयका दरले बचतसमेत गर्दै आएको समूहका अध्यक्ष अधिकलाल सदाले बताए । सदस्यले मासिकरुपमा गरेको बचत रकम रु २४ हजारभन्दा बढी पुगेको छ, समूहका अध्यक्ष सदाले भने, 'बचत भएको रकम समूहकै सदस्यमा ऋण लगानी गर्ने गरेका छौं ।' जसले महिलामा बचतसँगै ऋण प्रवाहको समेत विकास भएको उनको बुझाइ छ । पछिल्लो केही वर्षयता हरवाचरवा दलित महिलामा आएको परिवर्तन र देखिएको उत्साहजनक सहभागिताले सकारात्मक सन्देश दिएको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता सञ्जीवकुमार यादवको भनाइ छ ।

# गौर हत्याकाण्डको मुद्दा सोमबार पनि सुनुवाई भएन

**सञ्जय मिश्रा**
**रौतहट ।**




गौर हत्याकाण्ड विरुद्धको रिटमा सोमबार पनि सुनुवाई हुन सकेन । सोमबार सर्वोच्च अदालतका न्यायधीश कुमार रेग्मीको इजलासमा सुनुवाईका लागि पेशी तोकिएको उक्त रिट 'बेञ्च बस्न नभ्याएको' भन्दै स्थगित भएको हो ।
गत जेठ २१ गते त्रिभुवन साहले १६ वर्षअघिको बहुचर्चित गौर हत्याकाण्डको छानबिन हुनुपर्ने माग सहीत सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएका थिए । जिल्ला प्रहरी कार्यालय रौतहट, सरकारी वकील कार्यालय रौतहट, तप्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई विपक्षी बनाएर साहले मुद्दा दर्ता गराएका थिए । घटनामा मारिएका आफन्तहरुले जिल्ला प्रहरी कार्यालय, रौटहटमा जाहेरी दिँदा समेत कुनै छानबिन अघि नबढेको भन्दै अनुसन्धान अघि बढाउन आदेशको माग गरेर सर्वोच्चमा रिट दायर गरेका थिए। केहो गौर घटना
२०६३ साल चैत्र ७ गते रौतहटको सदरमुकाम गौरस्थित राईसमिलको फिल्डमा मधेशी जनाधिकार फोरम र तात्कालीन नेकपा माओवादी एउटै स्थानमा छुट्टै मार्च बनाएर सभा गर्न लाग्दा दुई पक्ष बीच झडप हुदा २७ जना माओवादी कार्यकर्ताको घटनास्थलमै र एकजनाको उपचारका क्रममा मृत्यू भएको थियो । सोही झडपमा कैयौ घाईते भएका थिए । घटनामा बाँसको चारपाटे भाठा र हतियार समेत प्रयोग भएको थियो । गौरभन्दा करिब १० किलोमिटर उत्तर पताही टोलको पूर्वपट्टि बागमती नदीको किनारमा ३ महिला र ८ पुरुषको गाउँभन्दा पश्चिमपट्टि बौधीदेवीको मन्दिरमा ल्याई बाँसको भाटा, ढुंगा र ईँटा प्रहार गरी मन्दिरमा बलि दिएर, आगो लगाई हत्या गरेको थियो । आक्रमण पुर्वनियोजित तथा संगठित रूपमा भएको देखिएको मानवअधिकारवादी संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले ठहर गरेको थियो । तीनजना महिलालाई बलात्कारपछि हत्या गर्ने क्रममा क्रूर यातना दिइएको, आगो लगाउने तथा उनीहरूको संवेदनशील अंगमासमेत प्रहार गर्ने जस्ता अमानवीय कार्य गरिएको पाइएको इन्सेकले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको थियो । गौर हत्याकाण्ड हुँदा तत्कालिन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव मधेस आन्दोलनको नेतृत्व गरिरहेका थिए। अध्यक्ष यादव कै निर्देशनमा फोरमका कार्यकर्ताले माओवादी कार्यकर्तालाई भाला, छुरा, लाठी र गोली प्रहार गरी निर्मम हत्या गरेको तत्कालीन माओवादी कार्यकर्ता तथा पीडित परिवार ले दाबी गर्दै आएका छन् । उक्त घटना हुँदा माओबादी तत्कालिन सरकारमा सहभागी थिए । सो समय नेपाली कांग्रेस नेतृत्वको सरकारमा कृष्णप्रसाद सिटौला गृहमन्त्री रहेका थिए । घटना पछि माओबादीका तत्कालिन नेता प्रभु साहको सक्रियतामा पीडित परिवारले उपेन्द्र यादव लगायत १ सय भन्दा बढी मानीस लाई बिपक्षी बनायर जिल्ला प्रहरी कार्यालय रौतहटमा मुद्दा दर्ता गराएका थिए ।

# वीमा कम्पनीको लापरबाहीले हचुवाको भरमा क्षतिको मूल्याङ्कन गरेको आरोप

**मुकेश कुमार यादव**
**सिरहा ।**




सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनिको लापरवाहीले सिरहा सुपर मार्केट प्रालिले सञ्चालन गरेको एवीमलको गोदामममा आगलागी भएको चार महिना वितिसक्दा पनि विमा रकम पाउन सकेका छैनन् ।
विमाकम्पनीले खटाएको सर्भेयरले समयमा सहि रिपोर्ट नदिदा मर्कामा परेको सिरहा सुपर मार्केट प्रालिका सञ्चालन जाकिर अन्सारीले बताए । आगलागी भएकै दिनदेखि इन्स्योरेन्स कम्पनीको सम्पर्क र समन्वयमा रहेर सर्भेको जिम्मा लिएको सीमेक कन्सल्टेन्सी प्रा.लि. माँग गरेको सवै आवश्यक कागजातहरु उपलब्ध गराउँदा समेत चारमहिनापछि पूर्वाग्रही तरीकाले रिपोर्ट दिएको मलका मूख्य कार्यकारी अधिकृत पिन्टु राउतले बताए । कार्यकारी अधिकृत राउतले भने, 'हामीले हाम्रो गोदाममा रहेको समाग्रीहरुको तीन करोड ६८ लाखको माँग दावी गरेको भएपनि सर्भेयरले पूर्वाग्रही र मनोमानी ढङ्गले ४६ लाखमात्र मूल्याङ्कन गरेको छ, यो उहाँहरुले गरेको मूल्याङ्कन हचुवा र पूर्वाग्रही छ।' उनले आफ्नो गोदाममा अझैपनि आगलागीबाट जलेका समाग्रीहरु सुरक्षित राखिएको बताउँदै भने, 'हाम्रो गोदाममा अझै पनि आगलागीका कारण जलेका र काम नलाग्ने सवै सामाग्रीहरु सुरक्षित छन्, म स्वतन्त्र रुपले अन्य सर्वेयरहरुलाई पनि आएर मूल्याङ्न गर्न अनुरोध गर्छु ।''हाम्रो मलले चार वर्षदेखि सगरमाथा इन्स्योरेन्स कम्पनीलाई प्रत्येकवर्ष ६ लाख रुपैयाँको दरले प्रिमियम बुझाउँदै आएको छु । अहिले उनीहरुले गरेको मूल्याङ्कनले त्यहि हामीसँग लिएको रकम नै फिर्तागर्नेगरी मूल्याङ्कन गरेको जस्तो भान भईरहेको छ ।' कार्यकारी अधिकृत राउतले भने । यसले इन्स्योरेन्स कम्पनी र सर्भेयर सर्भेयर कन्सल्टेन्सीले मिलेमत्तोमाक्षतिमूल्याङ्कन गरेको भान हुन्छ।
२०७९ माघ २९ गते सिरहा सुपरमार्केट प्रा.लि.द्वारा सञ्चालित एवीमलको गोदाममा आकस्मिक आगलागीहुँदा गोदाममा रहेको खाद्यान्न, कपडा, इलेक्ट्रोनिक्स, फर्निचर, किचेन लगायतका तीन करोड ४२ लाखभन्दा बढीको सामाग्री जलेर नष्ट भएको दावी गरेको छ। तर ,इन्स्योरेन्स कम्पनीले हायर गरेका सर्भेयरले ३ करोड भन्दामाथीको मागदावीलाई इन्स्योरेन्स कम्पनीलाई खुसी पार्ने मनासाय सहित तथ्यहिन, पूर्वाग्रही मूल्याङ्कन गरेको सुपरमार्केटका कार्यकारी अधिकृत राउतको आरोप छ । मार्केटको रेटपनि नदिई ३७ लाख वरावरको मुल्याङ्कन रिर्पोट पठाएको बताए । भवितव्य केहि घटना दुर्घटना भयो भने तत्कालै राहत पाइने आसमा इन्स्योरेन्स गराए तर राहतदिनुको सट्टा सगरमाथा लुम्विनी इन्स्योन्स र सि.मेक कन्सलटेन्सीका कर्मचारीले म माथी अन्यायनै गरेको उनको आरोप छ। न्याय नपाए सम्म आफु यी दुई कम्पनीसंग लडिरहने उनको भनाई छ।
विमाकम्पनी र कम्पनीको तर्फबाट हायर भएका सर्भेयरका कारण आफु मार्कामा परेको सिरहा सुपरमार्केटका संचालक जागिर अंसारीले जनाएको छ । उनले भने, 'आगलागीभएकै दिन मैले इन्स्योरेन्स कम्पनीको ब्रान्च लाहानलाई जानकारी गराएका थिए ।'विमाकम्पनीको प्रतिनिधि पनि आयो र पछि विमा कम्पनीले भ्यालुवेटर हायर गरी स्थलगत रिर्पोटिङ पनि गराए । पछि सर्भेयरले फर्मको सबै डकुमेन्टहरु माँग गरियो हामीले दिनुपर्ने आवश्यक कागजातलगायतका डकुमेन्ट बुझाएको एविमलका संचालक अनसांरीले सुनाए।
आगलागीका बखत जनकपुरधाम, मिर्चैयाका र गोलबजारको मलमा विक्रिको लागि ल्याइएका सामाग्रीहरु काम नलाग्ने गरी जल्नुका साथै कार्यालय प्रायोजनकालागि रहेका सरवर कम्यूटर, सीसी क्यामेरा, एसी मेसीन लगायतका सामाग्री पनि जलेको जनाएको छ । आगलागीभएको वेलाको सीसीटिभि,लगायतका आवश्यक कागजातलाई वेवास्तागर्दै सर्भेयर र इन्स्योरेन्स कम्पनिको मिलोमतोमा मागदावी गरेको रकमको १० प्रतिशतमात्र मुल्याङकन गरी पठाइएको गुनासो छ।
सर्भेयर कम्पनीले जलेका समाग्रीहरु धेरै कामलाग्ने भएको, म्याद गुज्रीएका समाग्रीहरुलाई आधार मानेर मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरेको छ । उनीहरुले प्रतिवेदनमा माँगदावी अनुसारका कागजात पूरा गर्न नसकेको, आगो लागे भन्दापनि आगो निभाउने क्रममा सामानहरु क्षतिभएको र म्याद सकिएका सामाग्रीहरुपनि रहेकोले प्रतिवेदनमा उल्लेख गरेको छ।
यता सिरहा सुपर मार्केटले भने गोदाममा रहेका सामाग्री विक्रियोग्य नरहेकाले सवैको वीमा दावीगर्दै आएको छ । कम्पनीले सवै सामानहरु पूर्णरुपमा नजलेपनि धुवाको दाग, धुवाको गन्धका कारण विक्री योग्य नरहेको बताउँदै आएको छ। कम्पनीले विक्रि योग्य नभएकाले सवै सामाग्रीको वीमा दावी गरेको छ।

# गरुडामा फुयाँल र बौधीमाईमा यादव



**मधेशदृष्टि**
**रौतहट।**

रौतहटको गरुडा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा हेमराज फुयाँलले जिम्मेवारी पाएका छन् । अधिकृत फुयाँल सोमवार नगर पालिकाको कार्यालयमा हाजिर भएका हुन् । उक्त अवसरमा मेयर कन्थमणि जैसवालले उनलाई फुलको माला लगाई खाँदा ओढाएर स्वागत गर्दै कार्यकाल सफलताको शुभकामना दिएका थिए । यस अघि गरुडा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा भुदेव झा रहेका थिए । त्यसैगरी बौधीमाई नगरपालीकाको प्रमुख प्रशासकीय अधिकृतमा प्रमोद यादवले जिम्मेवारी पाएका छन्। सोमवार यादव नगरपालीका को कार्यालयमा हाजीर भएका हुन। उक्त अवसरमा मेयर प्रदीप यादवले प्रशासकीय अधिकृत यादवलाई खाँदा ओढाएर सम्मान गर्दै सफल कार्यकालको शुभकामना दिएका थिए।



बाँच्नु मात्रले अर्थ राख्दैन, तर सच्चाईका साथ बाँच्नुले अर्थ राख्दछ।

- सुकरात

## सम्पादकीय

# अस्पतालमा खानेपानी देऊ

तराईमा गर्मी बढेको बढ्यै छ। पर्सा, बारासहित तराईका जिल्लामा तापक्रम ४५ डिग्री सेल्सियससम्म पुगिरहेको छ। गर्मीले तराईबासीको जनजीवन कष्टकर त छदैंछ, स्वास्थ्य क्षेत्रमा प्रभावकारी सेवा नपाउँदा झन मर्कामा परेको छ। स्वास्थ्य सेवा पाउने 'अस्पताल' जस्तो सम्वेदनशील ठाउँमा पनि प्रचण्ड गर्मीले आजित बिरामी एवम् कुरुवा सहजरुपमा 'खानेपानी' समेत पाउन सकिरहेका छैनन् । गर्मीले गर्दा विभिन्न समस्याबाट ग्रसित भई केहीदिन यता नारायणी अस्पतालमा बिरामीको चाप बढेको छ। खासगरी झाडापखाला, ज्वरो, सर्पदंशका बिरामीले अस्पताल खचाखच भरिएको छ । भाइरस संक्रमणबाट संक्रमित भाइरल ज्वरोका बिरामी एवम् 'फुड प्वाइजन' युक्त खानाबाट ग्रसित भई झाडापखालाका बिरामीको संख्या बढेका कारण नारायणी अस्पतालमा थप बिरामी भर्ना गर्न बेड खाली छैन । त्यसमा पनि अस्पतालका बिरामी एवम् कुरुवालाई खानेपानीको समस्या छ । बिरामी लिएर अस्पताल बसेका कुरुवाले बस्न र खानेपानीको अभाव भयो भनेर गुनासो गरिरहेका छन्।

बस्नको त कुरा छाडौं, खानेपानी व्यवस्थासमेत हुन नसकेको गुनासो गर्दैछन् । तर सम्बन्धित निकाय कानमा तेल हालेर बसेको छ । खानेपानीको सहज व्यवस्था गर्न नसक्ने अस्पतालमा बिरामीको उपचार सन्तोषजनक कसरी हुन्छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ। चर्को घामका कारण जिउ चिलाउने र सन स्ट्रक 'लु' लागेर मान्छे बेहोस हुने जस्ता समस्या उत्पन्न भएको छ । केही दिनदेखि गर्मीसँगै तातो हावा चलेको कारण सर्वसाधारण घरबाहिर निस्कन सकेका छैनन् । अहिले वीरगंजको तापक्रम ह्वात्तै बढेको छ। केही दिनदेखि वीरगंजको तापक्रम न्युनतम २७ डिग्री सेल्सियस तथा अधिकतम ४४ डिग्री सेल्सियससम्म पुग्ने गरेको छ । अर्कातर्फ वीरगंजमा केही दिनदेखि सामाजिक अभियन्ता पनि हराएका छन् । बेलाबेला राजनीतिक रोटी सेक्न सामाजिक कार्यमा अगाडि रहने सामाजिक अभियन्ता पनि देखा परिरहेका छैनन् । कामै नलाग्ने कार्य गरी जबर्जस्त फोटोमा काम देखाउने अभियन्तालाई पनि गर्मीले लुक्न बाध्य पारेछ जस्तो महसुस हुन थालेको छ । वीरगंजमा सामाजिक कार्य गर्न दर्जनौं एनजिओ आइएनजिओ एवम् सैयौं सामाजिक अभियन्ता छन्, तर ती सबै चाहिने बेला देखा पर्दैनन्।

बढ्दो गर्मीले अस्पतालका बिरामी एवम् कुरुवाको हाल बेहाल छ। उपचार त परै जाओस् खानेपानीसमेत सहज पाउन सकिरहेका छैनन् । अस्पताल हाताभित्र एउटा चापाकल छ, त्यो पनि कम पानी दिने । अस्पतालको चापाकल मात्रै होइन, वीरगंजका कतिपय स्थानका चापाकलले पानी दिन छाडेको छ। गर्मीले पानीको सतह जमीनभन्दा धेरै मुनि गइसकेको छ। वीरगंजमा चापाकलले पानी दिन छाड्नुलाई प्रकृत्तिले तराईबासीलाई चेतावनी दिँदैछ भनेर बुझ्नुपर्छ। प्रकृतिसँग खेलवाड गर्नुको परिणाम हो यो। जसरी राजनीतिक दलदेखि सर्वसाधारण प्रकृतिसँग खेलवाड गर्दैछन्, त्यसले आगामी १०-१५ वर्षसम्म भयावह रुप देखाउन बेर लाग्दैन। तीब्र गतिमा जंगल मासिनु, चुरे दोहन हुनु, नदीजन्य पदार्थको अवैध उत्खनन् हुनुजस्ता कार्यले भोलिका दिनमा पर्सा, बारासहित तराईमा पानीको हाहाकार हुँदैन भनेर भन्न सकिने अवस्था छैन। साधारणतः किसानले त जलस्रोतको उपयोग गर्न पाएका छैनन् । रोपाइँका बेला किसान पानीको समस्या खेप्छन् । चाहिने बेला खेतमा पानी हुँदैन, नचाहिने बेला खचाखच हुन्छ, उब्जेको बालीनाली नष्ट गर्छ । हाम्रै देशको पानी हाम्रो हातमा छैन, चाहेको बेला प्रयोग गर्न सकिने अवस्था छैन। नेताहरुले सन्धि, सम्झौताको नाममा पानी बेच्दै आएका छन्। त्यो त उदाहारण मात्रै हो, जसरी प्रकृतिसँग खेलवाड गरिँदैछ, यसले कृषिका लागि पानी अभावको त कुरै छाडौं, खान पनि पानी अभावको भयावह अवस्था आउन बढी समय लाग्दैन । सचेत भइएन भने भोलिका दिनमा पानी हाहाकारको भयावह अवस्था आउन बेर लाग्दैन।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# अबचाँहि बौद्धिक क्रान्तिकै दृढसंकल्प

## ● बेरोजगारी तथा गरिबी निवारणका विकल्पः

## ● प्रविधिमैत्री, रोजगारमुलक र उत्पादनमुखि शिक्षाः



● उदयकुमार यादव

वास्तवमा बेरोजगारी समस्याले नै गरिबी दिनप्रतिदिन बढदै गएकोछ,तसर्थ नेपालको परिपेक्षमा गरिबी चांहि एउटा बिकराल समस्याको रुपमा जक्रिदै गएकोछ।यस्तो चुनौतीलाई सामना गर्न शिक्षामा नै क्रान्ति ल्याउने बेला आएकोछ।हुने खाने र सम्पन्नलाई गुण स्तरीय शिक्षा चाहिएका विद्यालय तथा विश्वविदालय समेतमा सर्व सुलभ भएकोछ।तर गरिबका लागि कठीन भएकोछ।तिनीहरुलाई राम्रो तथा स्तरीय शिक्षालयमा भर्ना गर्न संभव छैनन्।अर्का तर्फ उच्च स्तरीय शिक्षामा पनि क्षात्रवृति पाउदैन।तसर्थ गरिबी तथा बेरोजगारि बीच परस्परिक संबन्ध रहेकोछ,कारण गरिबका विद्यार्थी बढी बेरोजगार हुंदै गएकोछ।हुनत यसको एउटा अर्को प्रमुख कारण चांहि अनियन्त्रित जनसंख्या पनि हो यद्यपि लगभग असी प्रतिशत भन्दा माथिका धनि वर्गका रोजगारी पाउंदछ भने,बीस प्रतिशत पनि मुश्किलले गरिबका छोराछोरीले पाउंछन होला।

यसरी हेर्दा,बेरोजगारीका अर्को प्रमुख कारण गरिबी नै हो ,किनकी धनी मान्छेले आफना सम्पत्तिबाट केहि अंश दिएर आफ्ना सन्तानकालागि व्यवसाय पनि खोलिदिन्छन् तर गरिबकालागि व्यवसाय पनि संभव हुंदैनन्।किनकी उनिहरुसंग पुंजीका अभाव नै हुन्छन्।विकसीत मुलुकहरुमा प्रायःप्रविधीमैत्री शिक्षा दिईन्छ,ताकी तिनीहरुका बच्चा विद्यमान अवस्थामा प्रतिस्पर्धा गरेर,रोजगार पाउन सजिलो हुन्छ।विश्व बजारमा अहिले प्रविधी मैत्री रोजगार तथा व्यवसाय मात्र टिकेकोछ।बीना प्रविधीले हाम्रो दिनचर्या नै नचल्नेभो एकप्रकारले।एउटा आधुनिक किसानलाई जाबो घांस काट्न र धान रोप्न पनि आधुनि औजार र उपकरण नै चाहिन्छ भने कार्यालयभित्र काम गर्ने कर्मचारीलाई बीनामेशिन तथा उपकरणको उ कामै गर्न सक्दैन जस्तो वाणी र प्रवृतिको नै विकास हुने भयो क्यारे?

अर्कातर्फ विकशीत मुलुकले रोजगार तथा व्यवसाय मुलक शिक्षा दिन्छन्,तर यसक ।बिपरीत हाम्रो मुलुकमा रोजगार मुलक शिक्षा केबल नारामा मात्र सिमित भएकोछ।एक दशक पहिला केबल बीस देखि तीस प्रतिसत त्यो पनि धनी मान्छेका विद्यार्थीले चांहि प्रविधी तथा शीपमा आधारीत शिक्षा पाउन महगा कलेजबाट डिग्री लिएर सजिलै जागिर पाउंथे। अचेल नीजी तथा सरकारी शैक्षिक संस्थाहरुमा विद्यालयदेखि विश्वविद्यालयमा पोली टेक्नलोजीका मार्फत यो शिक्षा लगभग सत्तरी पतिशत ठाउंमा लागु भएकोछ तर लागत अनुपातमा कार्यान्वयन चाँहि करिब पचास प्रतिशतका हराहारीमा पनि भएको देखिएन तसर्थ उत्पादन मुखी नतिजा देखिएर्न ।मानौ सरकारले यस्ता कार्यक्रम निजी तथा सरकारी संस्था मार्फत उपलब्ध गराए पनि ति शैक्षिक संघ संस्थाहरु समुचित रुपमा कार्यान्वयन गर्न असमर्थ देखिन्छ।कतै भौतिक स्रोत साधनकै अभाव त कतै मानवीय संसाधन अर्थात् जनशक्तिकै अभाव आदि समस्याले गर्दा ति सरकारीतथा गैर सरकारी शैक्षिक संस्थाहरु उत्पादन मुखि शिक्षा उपार्जनगर्न असमर्थ नै देखिन्छ।

अन्त्यमा हामी हेर्छौ कि वास्तवमा विकशीत मुलुकमा,उत्पादनमुखि शिक्षाले गर्दा तिनी हरुका बेरोजगारी समस्या चांहि हलभएकाले गरिबी पनि निवारण सजिलैसित भएको हुन्छ,जहां नब्बे प्रतिशत भन्दा माथि








बेरोजगारी समस्या हल भयो भन्दखिन,त्यहां गरिबी पनि त्यतिनै प्रतिशत हटेर जानेभो नि?तर हाम्रो मुलुकमा एक दशक भन्दा पहिले रुढिवादी,परम्परागत केबल शैद्धान्तिक शिक्षा प्रणालीका परिणाम स्वरुप बेरोजगारीका कारण युवाहरु विदेश नै पलायन भए।अब पनि आधुनिक शिक्षा प्रणलीमा अधारीत शिक्षा प्राप्त गरेर पनि रोजगारकालागि विदेशमा खास गरी युरोपीयन कन्ट्री र गल्फ कन्ट्रीमा नै पलायन भै राखेकाछन् किनकी त्याहां बढी भन्दा बढी तलब वा पारिश्रमी पाउने भएकाले।यहांका उब्जनी लायक जमिन पनि बांझो सरह नै भए।

यसरी हेर्दा नेपालमा करिब बीसलाखका हराहारीमा नेपाली जनता गरिबी रेखामुनी रहेका छन्।तिनीहरुका गांस,बांस र कपासको व्यवस्था छैनन्।सुकुमबासी जिवन विताई रहेकाछन्।तिनीहरुलाई कुटीर उद्योग सञ्चालन गरी बेरोजगारी समस्या हल गर्न सकिन्छ।स सना लघु उद्योग मार्फत तिनीहरुका जिविका उपार्जन गनै सकिन्छ।फेरी यी यस्ता कुटीर उद्योग तथा लघु उद्योग सञ्चालन गर्न चांहि बढि पुंजीको पनि लगानी गर्न खांचो पर्दैनन्।सरकारले ठुलठुला बजेटका प्रोजेक्ट ल्याई पांचदेखि दशवर्ष सम्म नि योजना सुचारु नगरी विचौलीया अथवा पुंजीवादी हरुकै फाईदामा धाराशायी भएको देखिन्छ नि?त्यस्ता प्रोजेक्टले न घरको न घाटको,क्षणीक लाभले दुरगामी समस्या चांहि समाधान भएन।

अर्थात् गरिबी सतप्रतिशत निवारण तथा पूर्ण रुपमा निर्मुल पार्न त कठिन नै छ तथापी केहि हदसम्म यसलाई चांहि न्युनिकरण अवश्य गर्न सकिन्छ।उदाहरणकै लागि मैले अघि नै व्यक्तगरिसकेको छु,कि यसका लागि ततकाल जनतालाई ठुलो पुजी नभए सानै पुजी लगानीमा हांस पालन,कुखुरा पालन,बाख्री पालन,मौरी पालन आदिको जोगार सरकारले गरिबी निवारण अन्तर्गत् यस्ता नीतिहरु ल्याई सहकारी अथवा बैंकहरु मार्फत आर्थिक सहयोग कम भन्दा कम व्याजमा ऋण पनि उपलब्ध गराईदिनु पर्‍यो जुन तिनै तहका सरकारको जिम्मेबारी अन्तर्गत् नै पर्दछन्।

अर्का तर्फ तिनीहरुका उत्पादित गाई वस्तु तथा अन अनाजका समुचित व्यवस्थापन गरि सम्बन्धित सबै सरोकारबालाहरुले यचित मुल्यमा नै बिक्री वितरणका ग्यारेन्टि लिदिनुपर्‍यो। अन्यथा समुचित वितरण तथा उचित बजारीकरणका अभावमा तिनीअरुले उचित भाव आफ्ना वस्तुभावको नपाई पुजीपति तथा विचौलियाहरुका अनुचित बजारीकरणबाट तिनीहरुलाई नै फेरीरै पीरमार्का पर्न जान्छ जसका कारण तिनीहरुका गरिबी जिवन मास्तीर उकास्न धेरै नै धौधौ पर्दछ।अतःमुलुकका सबै नागरिकको आयमुलक रोजगारीका अवसरमा विभेद रहित पहुंच सुनिश्चित गरी न्युनतम् समाजिक तथा व्यावसायिक सुरक्षा सहितको मार्यादीत सोष्रण मुक्त र न्यायपूर्ण जिवन यापन गर्न सकिने वातावरण सिर्जना गरिदिनु राज्यको दायित्व हो।तसर्थ् बेरोजगारी समस्या समाधान जब सम्म हुंदैनन्,तबसम्म गरिबी पनि निवारण असंभव नै हुन जान्छ।यसकालागि जनसंख्या नियन्त्रण हुनु पनि नितान्त आवश्यक पर्दछ। ......

अर्थात् समग्रमा भन्नुपर्दा बेरोजगारी समस्या तथा गरिबी घटाऊने समस्या समाधान गर्न शिक्षा प्रणालीमै आमूल परिर्वतन गरी वौद्धिक क्रान्ति ल्याउनु अति आवश्यक भएकोछ।मेरो भनाईको तातपर्व बौद्धिक क्रान्ति,अर्थात् त्यो बौद्धिक क्रान्ति जसले संसारलाई एउटा महान ठुलो भन्दा ठुलो सन्देश दिएका थिए। जसलाई खासगरी विश्वको इतिहांसमा फ्रेन्च रिभोलुशन नामले जानिन्छ।त्यो बौद्धिक क्रान्ति जुन फ्रान्स र जर्मनीबाट शुरु भई पुरै युरोप महादिप देखि लिएर एशियामा प्रभाव पारी विश्वलाई मानवताका सद्भाव,सदाचार र समानतालाई पुनरजिवित तुल्याएका थिए।राजादेखि प्रर्जा र समसामयिक शासक प्रशासक जो तानाशाही र धाराशायीमा परिणत भैसकेका थिए ति सबै अन्याय,अत्याचार तथा लथालिंग राजनैतिक तथाकथित धार्मिक अस्त व्यस्ततालाई मूलधारमा ल्याई आमुल परिर्वतन गरि गराई भाईचारा ,स्वतन्त्रता र एकताकै पाठ सिखाए।जसका अगुवाहरु दार्शनिक मुसलोनी,रुसो भोल्तायर र कफकाहरु नै थिए।यसर्थ् अब दोश्रो बौद्धिक क्रान्ति नेपालको धरतीबाट नै श्रीगणेश गर्नुपर्ला जस्तो देखिन्छ,जसको अगुवाई यदि गर्नु पर्‍यो भन्देखिन आफु पनि तयार रहनेछु र यस्तो पवित्र तथा महान युद्धमा माता जानकीले आफुलाई चाहिएको हौसला र शक्ति अवश्य प्रदान गर्ने छन्भने आफुलाई पूर्ण विश्वास रहेकोछ,किनकी आफूद्धारा श्रीगणेश गरिएका दार्शनिक लेखका अनुशरण अब मैले पढाएका मेरा शिष्यहरुद्धारा पनि अनुशरण गरिएको पाउंदा यस क्षेत्रमा अवश्य सफल भईन्छ भने हर्षका साथ दिनप्रतिदिन लगनशीलता र आत्म विश्वास पनि उत्तिकै बढदै गईराखेकोछ भने महशुस पनि हुंदैछ।

उदय कुमार यादव (शिक्षा विद्)

# खानेपानी-श्रोत, उपयोग र आर्सेनिक तत्व

**नागेश्वर मण्डल**

मानिसले आफनो उचित स्थान र अस्तित्व कामय राख्न वातावरणका ५ तत्वहरु जल,स्थल,वायु,आकाश र तेज( प्रकाश) लाई सन्तुलन राख्नुपर्छ,यसमध्ये जल र वायु विना मानव अस्तित्वको कल्पना पनि गर्न सकिदैन,तसर्थ यी मानव जीवनका लागि आधारभूत आवश्यकता भनिएको छ । मानिसको अस्तित्व अरु प्राणी,जीव र वनस्पतिका विविधतासंगको सह अस्तित्वमा निर्भर रहन्छ। हाम्रो धर्म,संस्कृति र चिन्तनले स्थापित गरेको तथ्य 'वसुधैव कुटुम्वकम'को मूलमर्म भित्र बसेर मानव जातिले बच्न कौशल अपनायौ भने कुनै कुराको पनि अन्त्य हुदैन,परिवर्तन भने हुन्छ र परिवर्तन भनेको अँत होइन। मानव जीवन,सभ्यता र सम्मुनतिको आधार पानी नै हो। जल भनेको पानी हो,जसले शुद्ध पानीको वोध हुन्छ,पवित्र कामको लागि पानीको प्रयोग गरिदाँको अवस्थामा पानीलाई जल भनिएको पाईन्छ । जललाई जीवनको प्रारम्भ मानिन्छ,जललाई जीवनको प्रारम्भ दुई किसिमले मानिएको पाइएको छ -वीर्यरुप र जीवनको प्रारम्भरुप। वीर्यरुप बारे मान्यता रहेको छ भने कुनै पनि वीर्य अत्यन्त पातलो हुन्छ,पानीको जस्तो । विज्ञानको विकासवादी सिद्धान्तले पानीबाटै जीवनको सुरुआत भएको मान्छ तथा शास्त्रहरुले पनि भगवानको पहिलो अवतार (भगवान विष्णुको मत्यस्यवतार)पानीमानै भएको मान्दछ। जल व्यवस्थापन अन्तरगत जीवन निर्वाहकालागि पिउनले पानीको व्यवस्था प्रमुख छन्। प्राग ऐतिहासिक कालमा नाइल नदीको वरपर विकसित मिश्र सभ्यता,रिग्रिस र युक्रेटस नदी किनारमा इराकी जीवन पद्धती,पूर्व पश्चिम एशियाका कतान हयूक,जेरिको सभ्यता,सिन्धुघाँटीको हप्पा,मोहनजोदेरार,हवाँगले नदी र साङसी किनाराको चिनिया समाजिक विकास तथा गंगा,कृष्णा, कावेरी, गोदावरी, सतलज नदीको उर्वरभूमिका प्राचीन सभ्यता,गंडक किनारमा मिथिला सभ्यता,विदेह भूखँड,वैदिक आर्य महासभ्यता,इस्लाम महासभ्यता आदिमा मानव जीवन विकसित हुँदै गएको हो । पर्सिया,मोसोपोटामिया,अर्मेनिया,अफगानिस्तानमा ई.पू. हजार हजार वर्ष अघिदेखि भूमि सतह मुनीबाट पानी वहावको प्रबन्ध मिलाइएको प्रविधी कन्नाल व्यवस्था गरिन्थ्यो । मिश्र(इजिप्ट) तथा मेसोपोटामिया सभ्यता खानेपानीको व्यवस्थापन तथा वर्षाका पानी(रेनवाटर हार्भिस्टंग) संकलनको उदाहरण मननीय छन्। चीनको मध्य एशियाली भूभाग करजाई र भारततिर वर्षातको पानी तहगत रुपमा संकलन गर्ने वावली प्रणाली रहेको थियो। जलश्रोतको अभावमा सिन्धुघाँटीको सभ्यता नष्ट भयो,खडेरी र अनावृष्टिको कारण माया सभ्यताको अन्त्य भएको मानिन्छ। काठमाडौं उपत्यकामा वि.स.१९९६ मा जुहार कुमारी देवीले धारा मार्फत खानेपानी वितरण गरिएको थियो ,जुद्ध शमशेरले देशमा अन्य भूभागमा समेत खानेपानी पुरयाएका थिए।हाम्रा पुर्खाहरुले आर्जेको परम्परागत हिटी प्रणाली अन्तरगत पोखरी,राजकुलो,भूमिगत जलभँडार,कुवा,नाभिमँडल,हितिक,निर्मलीकरण( फिल्टर),हितिगा/हितिमंग,हितिध्वँ,मंगा आदि प्रविधिजन्य ज्ञान तथा सीपको गणीतिय तथा प्राविधिक दृष्टिकोणले वैज्ञानीक तथा उच्चस्तरका पाईन्छ, यसमा पानीको निर्मलीकरण र स्वच्छताका लागि अपनाईएको रैथाने उपाय तथा पर्यावरणीय सन्तुलन व्यवहारिक थिए। लालितपुरको मंगहिति,सुन्धारा अनि पाटन दरवार भित्रको तुसा : हिति परिकृष्ट नुमुनाहरु हुन् । अनुसन्धानकर्ताका अनुसार उपत्यकामा हाल ५७३ वटा ढुँगेधार हुन तर अवैज्ञानीकरुपले बढदो शहरीकरणले गर्दा केहिको स्थिती दयनीय छन् ।अहिले चीनले वर्षातको पानीबाट पुनर्भरण गर्ने अभयास अन्तरगत स्पन्ज प्रणाली चलाएको छ। हाम्रा पुर्खाले समाजका सबै वासिन्दालाई स्वच्छ पानीको व्यवस्थापनमा धारा,इनार,पोखरी निमार्ण गरेर दिगो व्यवस्थापन गरेका थिए,प्रत्येक वर्ष वैशाख जुडशीतल पर्वको शुभ अवसरमा र जेठ सुखा मौसममा इनार र धारालाई सरसफाई गर्ने मौलिक परम्परा रहेको थियो,यस पर्वले जलको जीवनमा कति महत्व छ,पाठ सिकाउछ तर सरकारको गलत नियतले बनाइएको नियमले पोखरी,इनार,कुवा खनाएको (धनी) र नेतृत्ववर्ग एक अर्कासंग टक्राउदै तराइ मधेश क्षेत्रमा अन्तहीनद्धन्द सृजना भएको छ।

जलप्रवाह मुख्यता दुई किसिम-सतह जलप्रवाह एवम् भूमिगत जल प्रवाहबाट हुन्छ । नदी,नाला,खोला,ड्रेन,सिमसारक्षेत्र आदिलाई सतहजल प्रवाह संग जोडिएपछि यसमा भूमिगत जलप्रवाहका योगदान पनि रहन्छन्। सतहभित्र क्षैतिज दिशा र पृथ्वीको गुरुत्ववलको दिशामा हुने जलप्रवाहले हिमाल,पहाड तथा तराई मधेशका भूमिगत जलमंडललाई प्रकृतिले आफनो विधिअनुसार जीवन्त राख्दछ । पर्याप्त सतह,जलश्रोत जस्तै नदी,खोला आदि नेपालमा उपलब्ध रहेपनि अत्यधिक जलघनत्व रहेको तराई मधेशमा पिउने पानीको श्रोत भूमिगत जलश्रोतनै रहेको छ । हाम्रो पर्यावरणीय स्थिरताको संगालोमा सात वटा कडी छन् -तराई,भाँवर,चुरे,मधेश,महाभारत,हिमाल र भोट। चुरेको कडी चुड्मिा भने सम्पूण नेपाल भत्किन्छ ।तराई र मधेशपानीको अभावमा मरुभूमिकरणको दिशामा बढदैछ। चुरे वनजंगल फडानी र चुरेदोहनलाई अत्यधिक छेडछाड,गिट्टी बालुवा निकाल्ने कामले भूक्षय वढि हुनका साथै हामीले अपनाएको भू तथा जलाधार व्यवस्थापनको नकारात्मक सह उत्पादन हो तथा जथाभावी गरिने प्रकृतिको दोहन हो। यसले पर्यावरणीय सन्तुलन विगार्ने नभई पृथ्वीको सतहको गतिविधीलाई उतावलो बनाउछ,बहुसंख्यक मानिसको जिन्दगी निरन्तर मनोवैज्ञानिक,आर्थिक,समाजिक,साँस्कृतिक र पर्यावरणीय जोखिम थोपारी रहन्छ। नेपालको अन्नको ढुकुटी भनिएको तराई मधेशमा पानीको अभावले मरुभूमिकरणको दिशामा बढदैछ र दिनानुदिन खानेपानीको निजी व्यवस्थापनमा जटिलताहरु बढदै गइरहेको छ ,विपन्न परिवारहरु यसबाट पिडीत छन् । हिन्दूकुश हिमालयको केन्द्रमा रहेको नेपालको हिमालय क्षेत्रबाट निस्कने स्वच्छ पानीबाट तल्लो तटीयभेगका करिव दुई अर्व जनसंख्या आश्रीत छन्। सागरको पानी नुनिलो छ,जुन पिउन योग्य छैन,नेपालमा जति पानी छ, त्यो सवै प्रयोग गर्न योग्य छन्,हाम्रो लागि यो गौरवको विषय हो।

नेपालको संविधानमा स्वच्छ पिउने पानी तथा सरसफाई लाई नागरिकको आधारभूत आवश्यकता हो भने स्पष्ट उल्लेख छ । नेपाल सरकारको आवधिक योजना(सन् २०१९-२०२४) ले सबै नेपाली नागरिकलाई स्वच्छ पिउने पानीको आपूर्ति तथा पहुँचमा जोडिएको छ। सन् १९८० बाट यताका वर्षमा विश्वमा प्रत्येक वर्ष एक प्रतिसतका दरले पानीको मार बढेको छ,सन् २०५० सम्म विश्व शुद्ध खानेपानीको अभावको चपेटामा पर्ने सम्भावना छ। वातावरणीय नित्पादन सूचकाँकको १८० देशको सर्वे रिर्पोटमा नेपाल स्वच्छ पिउने पानीको उपलव्धतामा १३०औ स्थानमा रहेको प्रकाशित गरिएको छ ।नेपाल जलश्रोतमा दोस्रो धनी देश रहेको छ,हाम्रो देशमा ६ हजार नदीनाला भएपनि त्यस्को सदुपयोग हुन सकिएको छैन। सदगुरु भग्गी बासुदेवको सन्देश छ -पानी पिउने हरेक प्राणीलाई नदीहरुको प्राण जोगाउनु पर्छ ।मेलम्ची खानेपानी आयोजनाको कार्यान्वयनबाट काठमाडौंको धाराबाट सांङलोपानी वग्न थालेको अत्यन्त सकारात्मक अनुभुति भएको हो। नदीहरु जीव जन्तुको जीवनसंचारका लागि रक्तनलीहरु जस्तै महत्वपूर्ण छन्।

पृथ्वीको सतहमा ७० प्रतिशत पानी छ,जसको ९७.५ पानी नुनिलो छ,बाँकी २.५ प्रतिशत शुद्ध पानी पनि ६८.७ प्रतिशत वर्फको रुपमा ३० प्रतिशत भूमिगत जल र केवल ०.३ प्रतिशत मात्र पृथ्वीको सतहमा रहेको छ। जसमध्ये ८७ प्रतिशत तालमा र २ प्रतिशत मात्र नदीहरुमा रहेको विज्ञको अनुसन्धानबाट प्रष्ट हुन्छ । जनगणना तथ्यांक २०७८ मा नेपालमा खानेपानी प्रयोगको तथ्यांक छन्-धारा/पाईप ५७ प्रतिशत,टयुववेल/हातेपम्प २९.८ प्रतिशत,इनार/कुवा १.५ प्रतिशत,मुलधारा ३.९ प्रतिशत,जार बोतलको पानी ४.६ प्रतिशतले प्रयोग गर्दछन् । विश्व स्वास्थ्य संगठनले सन् २०१७ मा प्रतिव्यक्ति ११५ देखि १५० लिटर पानीको दैनिक जीवनका लागि आवश्यक पर्ने औल्याएको छ । व्यक्तिको कार्यक्षमता विकास,आकर्षक व्यक्तित्व,शारिरिक अवस्था,वाहय वातावरणीय अवस्था आदिका आधारमा पानीको मात्रा थपघट हुनसक्छ,बढी परिश्रम हुने काम वा शारिरिक सुगठनका अभ्यास गर्नेहरुलाई वढी पसिना जाने हुँदा पानीको आवश्यकता वढि हुन्छ । वर्षातका मौसममा जलमा प्रदुषण र वैकटेरियाको प्रकोप बढी हुन्छ,जसबाट शरिरलाई हानी गर्दछ,तसर्थ बढी सतर्कता राख्नु अनिर्वाय हुन्छ,विद्यालयमा पर्याप्त पानीको उपलव्धताको कमीले पढने छात्रछात्राको उपस्थिती कम देखिएको अनुसन्धानबाट पाइएको छ। मनसून स्वच्छ जल उपलव्ध गराउने एउटा प्रकृतिप्रदत व्यवस्था हो। प्रणव मुखर्जीका भनाई छ - 'हाम्रो असल वित्तमंत्री मनसून हो ।'पानी हाइड्रोजन २ भाग र अक्सिजन १ भाग बाट मिलेर बनेको तरल पदार्थ पृथ्वीमा जे जति पानी छ,त्यस्को एक प्रतिशत मात्र मानव प्रयोजनका लागि उपयोगी छ। पानी स्वादहीन भए तापनि विभिन्न भौगोलिक क्षेत्र हुदै बहने पानीमा उक्त क्षेत्रका प्राकृतिक रसायन र लवणहरुको कारण पानीको स्वाद निर्धारण भएको हुन्छ । झरना र कतिपय पानीको मुहानको तथा माटो,तामा,काठको घैलामा संग्रह गरिएको पानी मिठो स्वादको हुन्छ । पानी नै आषधि हो,पानी रोगहरुको शत्रु हो। हाम्रो शरीरको कुल तौलको ६० देखि ७० प्रतिशत पानीले ओगोटेको हुन्छ। शरीरमा सबै भागमा पानी रहेको हुन्छ,सबै भन्दा बढि रगतमा ८३ प्रतिशत तर सबैभन्दा कम एडियोस टिसूहरुमा १० प्रतिशत पानी हुन्छ। शरीरभित्र हरेक क्रिया संचालन हुन पानी चाहिन्छ,पानी नियमित रुपले ठीक समय र ठीक तरिकाले पिउनुपर्छ । भनिएको छ-'पानी पियौ छानेर,गुरु बनाऔ जानेर।' साथै भनिएको छ-'पानी खाँउ र भोजन पिउ।'अर्थात पानीलाई भोजन गरे जस्तै विस्तारै पिउ र भोजन समाग्रीहरु चपाएर पानी जस्तै पातलो भए पिउ मनसाय छन्।

आर्सेनिक तत्व - पिउने पानीमा आर्सेनिक,पीएच,फलोराइड,मर्करी,आइरन,अमोनिया,साइनाइड,लीड,क्लोराईड आदि रसायनीक तत्वहरुको निर्धारित मापदण्ड अनुरुप हुनुपर्छ । विश्वमा अधिकांश भागमा पानीमा फलोराईड,आर्सेनिक,आइरन तथा कडा धातु रहेको कारण त्यस्तो पानी पिउने योग्य हुदैन। आर्सेनिक खाना वा अन्य माध्यमबाट शरीरभित्र धैरै प्रयोग गरेपछि त्यसले मन्द विषको काम गर्दछ,मानीसको स्वास्थयमा प्रतिकुल असर पर्छ ।तराई मधेशका केहि जिल्लाहरुमा भूमिगत पानी( टयुवेल)मा आर्सेनिकका मात्रा राष्ट्रिय मापदंड भन्दा बढी पाइएको छ। जमीन मुनिको पानीमा केही न केही मात्रामा आर्सेनिक रहेको हुन्छ। आर्सेनिकको मात्रा बढि भएको पानी लागातार पिउनाले मानिसको शरीरमा विभिन्न रोग लाग्न सक्छ जस्तै छाती,पिठयुमा कालो सेतो दाग देखिनु,हत्केला र पैतालाको छाला वाक्लो हुने र गिरवाहरु निस्कनु,भित्री अंगहरु र छालाको कैन्सर हुने ,श्वास प्रश्वास,मधुमेह,शरीरको वजन कमी हुने इत्यादि। सवभन्दा बढी प्रभावित तत्व आर्सेनिक हुन । विश्व स्वास्थ्य संगठनले यो तत्व मानवका लागि पिउने पानीमा आर्सेनिक ०.०१ एमजी/लिटर निर्धारण गरेको छ तर हाम्रो देशमा हाल ०.०५ एमजी/लिटर निधारर्ण रहेको छ।

जल जीवन हो। भनिएको छ -'पानी विन सव सुन।'जलको जीवन परोपकारी हुन्छ,सेवा भाव नै उसको प्राकृतिक स्वभाव हो तथा जगतलाई उर्जा प्रदान गरी आफनो अस्तित्व र अस्मिताबाट परोपकारी भावनालाई तिरोहित हुन दिदैन। जल सत्यँ शिवम सुन्दरम को प्रतिक हो जसलो शान्त र पवित्र मानिन्छ । हिन्दू परमम्परामा पूर्वीय जीवनशैली वैज्ञानिक छन् । मिथिलाँचलमा नदी उपासना,पोखरीमा धार्मिक अनुष्ठान तथा जललाई देवताकारुपमा पूजिने हाम्रो संस्कृतिले ठुलो सकारात्मक पाठ सिकाउछ।

# भारतमा सिमेन्ट निर्यात सुरु




**राधेश्याम विश्वकर्मा**
**भैरहवा।**

कपिलवस्तुको बालाजी सिमेन्ट इण्डस्ट्रिजले सोमबारदेखि भारतमा सिमेन्ट निर्यात सुरु गरेको छ । कम्पनीले उत्पादन गरेको 'बाहुबली' र 'श्रृष्टी' ब्राण्डका पिपिसि सिमेन्ट भारत निर्यात सुरु गरेको हो । भारत सरकारको गुणस्तर विभागद्वारा ब्यूरो अफ इन्डियन स्ट्यान्डर्ड्स (बिआईएस) प्रदान गरेसँगै भारतमा सिमेन्ट निर्यात सम्भव भएको उद्योगका संस्थापक ऋषिकेश अग्रवालले बताए । उनका अनुसार पहिलो चरणमा भारत उत्तरप्रदेश राज्यको सिद्धार्थनगर जिल्लास्थित क्लासिक इन्टरप्राइजेज डिलरलाई सोमबार ४२ टन सिमेन्ट निर्यात गरिएको हो । कपिलवस्तुको कृष्णनगर नाका हुँदै सिमेन्ट निर्यात हुन लागेको हो । कपिलवस्तुबाट भारतमा सिमेन्ट निर्यात पहिलो पटक भएको हो । विस्तारै निर्यातको परिमाण बढाउँदै लैजाने उद्योग व्यवस्थापनको लक्ष्य रहेको अग्रवालले बताए।

भारतमा आईएसआई चिन्ह नलागेका सिमेन्ट आयात गर्न नपाइने व्यवस्था छ । नेपालबाट पनि एनएस मार्क नभएका सिमेन्ट निर्यात गर्न पाइँदैन । नेपाल सरकारले सिमेन्ट, छडलगायत ३० भन्दा बढी वस्तुको निर्यातमा अनुदान दिने घोषणा गरिसकेको छ।

सरकारले ५० करोड रुपैयाँ भन्दा बढीको स्वदेशी उत्पादन विदेश निर्यात गर्ने उद्योगलाई आठ प्रतिशत अनुदान दिने नीतिले पनि सिमेन्ट उद्योगीलाई सहज भएको उद्योगका संस्थापक सन्दीप काडियाले बताए । 'वर्तमान असहज एवं आर्थिक मन्दिको अवस्थामा भारतमा सिमेन्ट निर्यातले सकारात्मक सन्देश दिएको छ, हाम्रो कम्पनीको स्थापना नै निर्यातको सोच सहित भएको थियो,' उनले भने । उनले सरकारले अझ बढी उद्योग र निर्यातमैत्री नीति ल्याउन सुझाव दिए । सिमेन्ट निर्यातले भारतसँगको व्यापार घाटा कम गर्न सहयोग गर्ने उनको भनाइ छ।

बालाजी सिमेन्ट उद्योगसँग दैनिक एक हजार छ सय टन सिमेन्ट उत्पादनको क्षमता रहेको कम्पनीका प्रवन्ध निर्देशक रौनक अग्रवालको भनाइ छ । उद्योगबाट हाल बाहुबली र श्रृष्टी ब्रान्डमा ४३ ग्रेडको ओपिसी र पिपिसी सिमेन्ट उत्पादन हुँदै आएको छ। सन् २०७७ सालमा स्थापना भएको उद्योगमा जर्मनको लोच्से कम्पनीको भिआरएम प्रबिधि जडान छ।

# सामुन्द्रिक तट सम्झाउने नारायणी किनार

**नारायण अधिकारी**
**चितवन ।**

आइतबार साँझ अबेर नारायणगढ बजार नजिकैको नारायणी नदी किनारमा धेरै मानिसको चहलपहल थियो । एक जना भन्दै थिए 'मुम्बईको जुहु चौपटीबीच जस्तै बनेछ ।' सँगै रहेका अर्का व्यक्तिले थपे 'थाइल्याण्डको समुन्द्र किनारको झल्को आयो ।' उनीहरूको भनाइ अनुसार नारायणी नदी किनारलाई भरतपुर महानगरपालिकाले 'सिबीच मोडल' मा विकास गरिरहेको छ । समुन्द्रिक किनारको झल्को दिने गरी पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न महानगरले केन्द्रको समन्वयमा बजेट ल्याएर विकासका पूर्वाधार धमाधम निर्माण गरिरहेको छ ।
नारायणी नदीको पुलबाट उत्तरतर्फको भागलाई सरकारका तीन मन्त्रालयसँग महानगरपालिकाले सँगसँगै काम गरिरहेको छ । सोही किनारमा बनेको फुटपाथमा बिहान हिँडिरहेका सर्वसाधारणले पनि नदी किनारको विदेशको झल्को दिने गरी बनेकामा प्रशंसा गरिरहेका थिए ।
स्थानीय दियालो रोडका बटुकलाल श्रेष्ठले नदी किनारको विकास देखेर खुसी प्रकट गरे ।
सँगै रहेकी विजया श्रेष्ठले भनिन् 'पहिला फोहर थियो, थाङ्नाथुङ्नी फालेको देखिन्थ्यो, अहिले कस्तो राम्रो भएको छ ।' सर्लाहीका मनसारी विकलाई नारायणी किनार पहिलाको भन्दा अर्कै भएको महसुस भयो । उनले भने 'पहिले पनि आएको थिएँ, अहिले अचम्मै भएछ ।' स्थानीय श्यामलाल श्रेष्ठले नदी किनार निकै राम्रो भएको भन्दै सवारीसाधन भने आउन दिन नहुने बताउँछन् । उनले भने 'नदी किनारले रुप फेरेको छ, यसलाई अझै राम्रो बनाउनु पर्छ ।'
सो ठाउँमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको नारायणी नदी व्यवस्थापन आयोजनाले नदी तटबन्धनसँगै सौन्दर्यकरणको काम सम्पन्न गरेको छ । सो मन्त्रालयको पर्यटन विभागले पद मार्ग,



पार्किङस्थल लगायतका काम अन्तिम चरणमा पुऱ्याएको छ । सहरी विकास मन्त्रालय अन्तर्गत सघन सहरी तथा भवन निर्माण आयोजनाले आरतीस्थल निर्माण र विद्युतीकरणको काम गर्दैछ । नारायणी नदी व्यवस्थापन आयोजनाका निर्देशक गणेश मरासिनीका अनुसार कार्यालयले नारायणगढको नारायणी पुलदेखि उत्तरतर्फ नौ सय ८५ मिटर क्षेत्रमा पक्की तटबन्ध निर्माण गरेको छ । नदीको सतहदेखि दुई दशमलव पाँच मिटर उचाइमा ११ खुट्किला निर्माण गरिएको छ । १५ करोड ९२ लाख रुपैयाँमा सम्झौता भई काम सम्पन्न भएको छ । खुट्किलाको सतह दुई मिटर चौडा छ भने अन्य खुट्किला ५० सेन्टिमिटर चौडा छन् । माथिल्लो तह चार दशमलव पाँच मिटर फराकिलो बनेको छ ।



फराकिलो ठाउँमा मानिस बेलुका र बिहान हिँडडुल गर्ने गरेका छन् । ठाउँठाउँमा आकर्षक गोलाकार बनाएर वृक्षरोपण गरिएको छ । पाँच मिटरको फरकमा बिरुवा लगाइएको छ ।
महानगरपालिकाका इन्जीनीयर अस्मिता खनालले पर्यटन विभागले नदीको तटीय क्षेत्रमा काम गरिरहेको बताइन् । उनले नारायणी नदी किनारलाई व्यवस्थित र सुन्दर बनाउन महानगरको गुरुयोजना अन्तर्गत दुई दशमलव चार किलोमिटर पदयात्रा, एक सय हाराहारी चारपाङ्ग्रे सवारी अट्ने तीन पार्किङस्थल, बगैँचालगायत निर्माणका काम भइरहेको बताइन् । छ करोड ५० लाख रुपैयाँ बजेटमा काम भइरहेको छ । यो काम ९० प्रतिशत सकिएको उनले भनिन् । यसै ठाउँमा बगैँचा, फुटबल मैदान, भलिबल, ब्याडमिन्टन कोर्ट, बीच भलिबल, अन्य खेलका लागि छुट्टै भूभाग, बालुवा तथा बालबालिकाको खेल, अवलोकन क्षेत्र, विश्रामस्थल, शौचालय, पार्किङलगायत संरचना निर्माण गर्ने गुरुयोजनामा उल्लेख छ । खनालका अनुसार नारायणीको पुलबाट नारायणी लिफ्ट सिँचाइसम्मको दुई दशमलव पाँच किलोमिटर लामो सो भूभाग १५ बिघा क्षेत्रमा फैलिएको छ । तटबन्ध बाहेक २९ करोड ३१ लाख रुपैयाँ खर्च हुने गरी विस्तृत अध्ययन प्रतिवेदन तयार भएर काम भएको हो । नदी किनारको दुईतर्फको छेउमा हाल भएको संरचनालाई व्यवस्थित गरिँदैछ । बीचको भागमा धार्मिक क्षेत्र, प्रदर्शनी क्षेत्र र खेल क्षेत्रका लागि छुट्टाछुट्टै स्थान तय गरिएको छ ।
ती क्षेत्रभित्र पैदलमार्ग, साइकल मार्ग, प्रदर्शनी, आरती, धार्मिक प्रवेश र हरियाली क्षेत्र रहने छन् ।
नारायणी नदीको सोही क्षेत्रमा आरती प्लेटफर्म निर्माण गरिँदैछ । आरती क्षेत्र वरपर बत्ती राखिनेछ । सघन सहरी तथा भवन निर्माण आयोजनाले झण्डै दुई करोड रुपैयाँको लागतमा कामको तयारी गरेको छ । बोलपत्र आह्वान भइसकेकाले छिट्टै काम सुरु हुँदैछ ।
महानगरपालिकाका प्रमुख रेनु दाहालले विदेश जाँदा समुन्द्रिक किनारमा देखिएको सौन्दर्यकरणलाई मध्यनजर गर्दै त्यही मोडेलमा विकास गरिएको बताइन् ।
आफू पहिलो पटक प्रमुख भएकै समयदेखि यो काम अघि बढाइएको जनाउँदै उनले देख्ने गरी काम हुन थालेको बताइन् । नारायणी किनारलाई अन्तर्राष्ट्रियस्तरको सौन्दर्यकरण गरी पर्यटकको नयाँ गन्तव्यका रुपमा विकास गरिएको बताइन् । दाहालले भनिन् 'महानगरको गौरवको आयोजनाका रुपमा लिएर यसलाई गुरुयोजना बनाइ काम गरिरहेका छौँ ।' यसलाई अझै व्यवस्थित बनाउने गरी काम हुने बताइन् । आउँदा दिनमा गुरुयोजना अनुसारको काम सम्पन्न हुँदै गर्दा नदी किनार थप आकर्षक बन्ने उनले जानकारी दिइन् । आजभोलि बिहानबेलुका नदी किनारमा स्थानीयको निकै भीड हुने गरेको छ ।
महानगरका उपप्रमुख चित्रसेन अधिकारीले विश्वका ठूला सहरमा पर्यटकको मुख्य आकर्षण नदी र समुन्द्रिक किनार हुने जनाउँदै नारायणी नदीलाई उपयोग गरी पर्यटकीय गन्तव्यका रुपमा विकास गरिएको बताए । उनले भने 'चितवन अब पर्यापर्यटन मात्रै होइन, जल पर्यटनका लागि पनि उपयुक्त थलो बन्दै छ ।'

# नेप्से परिसूचक सात दशमलव ७९ अङ्कले बढ्यो

**रासस**
**काठमाडौँ।**

तीव्र उतारचढावबीच सोमबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सात दशमलव ७९ अङ्कको वृद्धि देखिएको छ। नेप्से परिसूचक शून्य दशमलव ३९ प्रतिशतले बढेर एक हजार नौ सय ८७ दशमलव ८७ अङ्क पुगेको छ। दुई सय ८५ कम्पनीको ७४ लाख ५४ हजार सात कित्ता शेयर दुई अर्ब ८८ करोड ६५ लाख नौ हजार चार सय १५ रुपैयाँमा को कारोबार भएको छ।

कारोबारमा बैंकिङ, होटल तथा पर्यटन, जीवन बीमा, उत्पादन तथा प्रशोधन, लघुवित्त र अन्य समूहको उपसूचक बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । बैंकिङ समूह तीन दशमलव ०१, होटल तथा पर्यटन समूह चार सय ५१ दशमलव ९९, जीवन बीमा समूह सात दशमलव ६६, उत्पादन तथा प्रशोधन एक सय दुई दशमलव ९९, लघुवित्त १४ दशमलव ९४ र अन्य समूह शून्य दशमलव ६५ अङ्कले बढेको छ। परिसूचक घट्नेमा विकास बैंक १८ दशमलव ६३, वित्त १६ दशमलव २५, जलविद्युत् सात दशमलव ८८, लगानी शून्य दशमलव ०५, म्युचुअल फन्ड शून्य दशमलव ०१, निर्जीवन बीमा पाँच दशमलव ७० र व्यापार समूह तीन दशमलव ४० अंकले घटेको छ।
सोमबार अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड, कालिञ्चोक दर्शन लिमिटेड र विगुल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने प्रभु स्मार्ट फण्डको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोल्टी होटल लिमिटेडको १५ करोड २८ लाख ५८ हजार आठ सय २१ रुपैयाँ बराबरको चार लाख ४९ हजार सात सय ४९ कित्ता शेयर किनबेच भएको छ।
कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै शिवश्री हाइड्रोपावर लिमिटेडको चार लाख ४९ हजार सात सय ४९ कित्ता खरिदबिक्री भएको छ।




# बजेट कठिन परिवेशमा आएको छः अर्थमन्त्री

**रासस**
**काठमाडौँ ।**

अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट कठिन परिवेशमा आएकाले यसलाई सोही रुपमा बुझ्नु आग्रह गरेका छन् । प्रतिनिधिसभाको बैठकमा आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै वैदेशिक र आन्तरिक ऋण, राजस्व सङ्कलनको अवस्था, कोरोना महामारी र रुस-युक्रेन युद्धको असरले पुऱ्याएको प्रभावलगायत सबैलाई स्वीकार गरी आफूले बजेट निर्माण गरेको बताए ।
बढ्दै गएका समस्या एउटा मात्रै धक्काले मात्र समाधान हुन्छ भनि बजेटमा नभनिएको भन्दै अर्थमन्त्री डा महतले यी सबै समस्या एक-एक गरी समाधान गर्ने गरी बजेट निर्माण गरेको दाबी गरे । उनले बजेट वितरण गर्ने प्रवृत्तिलाई अझै पनि नियन्त्रण गर्न नसकिएको स्वीकार गरे । 'थप वैदेशिक अनुदानका लागि प्रतिबद्धता आएको छ । सरकारले प्राथमिकता निर्धारण जनताका आवश्यकताका आधारमा गर्ने हो', उनले भने 'बजेट नाराका लागि होइन, कार्यान्वयन हुने गरी आएकोमा म स्पष्ट पार्न चाहन्छु ।'
बजेटको आकारका विषयमा उठेको प्रश्नका सन्दर्भमा उनले सीमित साधन र स्रोतका आधारमा काम गर्नुपर्ने अवस्था रहेको र त्यसकै आधारमा प्राथमिकता निर्धारण गरिएको बताए ।
तिर्नुपर्ने ऋणको दायित्व बढेको अवस्था, राजस्वको र वैदेशिक सहयोगको घट्दो अवस्थालगायत कारण चालु आवकोभन्दा आगामी आवको बजेट कम आकारको भएको उनको भनाइ छ । अर्थमन्त्री डा महतले संसदीय विकास पूर्वाधार कार्यक्रमले पुँजीगत खर्च बढाउन योगदान पुग्नेमा विश्वास व्यक्त गरे । उनले सांसदले क्षेत्रमा बजेट पुगेन भनी गुनासो गरेकोले यो कार्यक्रम राखिएको बताए ।
कुनै ठाउँमा कार्यक्रम छुटेमा त्यसलाई सम्बोधन गर्न संसदीय विकास पूर्वाधार कार्यक्रमबाट कम्तीमा पाँच करोड रुपैयाँ सुनिश्चित हुन्छ भन्ने उद्देश्य राखिएको उनको भनाइ छ । 'हरेक क्षेत्रमा दिइने पाँच करोड रुपैयाँ सांसदको खल्तीमा जाने पैसा होइन, सडक, सहरी पूर्वाधार, पर्यटन पूर्वाधारमा यो खर्च हुन्छ, यसका लागि सांसदले सिफारिसमात्र गर्ने हो, सांसदले सिफारिस पनि गर्न नपाउने भन्ने कुरा जायज छैन, खर्च गर्न नचाहने सांसदको रकम अत्यावश्यक पुँजीगत खर्चमा रकमान्तर गर्न सकिने छ', मन्त्री महतले भने ।
सुख, दुःखमा सांसदले सहयोग गरुन् भन्ने जनताको माग भएकैले एक सय ६५ निर्वाचन क्षेत्रमा प्रत्यक्ष, समानुपातिक र राष्ट्रियसभाका सांसदले यसको सिफारिस गर्नसक्ने गरी कार्यविधि निर्माण गरिने पनि उनले स्पष्ट पारे । भौतिक विकासमा जनताको धेरै माग भएकाले नै यस्तो व्यवस्था गर्नुपरेको मन्त्री महतको भनाइ छ ।
प्रतिनिधिसभा बैठकमा आठ दिनसम्म चलेको बजेटमाथिको छलफलमा सांसदहरूले बजेटमाथि विभिन्न टिप्पणी गरेका थिए । उनीहरूले बजेटको भिजन स्पष्ट नभएको,



*प्रतिनिधिसभा बैठकमा आठ दिनसम्म चलेको बजेटमाथिको छलफलमा सांसदहरूले बजेटमाथि विभिन्न टिप्पणी गरेका थिए । उनीहरूले बजेटको भिजन स्पष्ट नभएको, समाजवादोन्मुखबाट चुकेको, आर्थिक वृद्धिको लक्ष्य महत्वाकाङ्क्षी भएको, राजस्वको लक्ष्य महत्वाकाङ्क्षी भएको भन्दै आलोचना गरेका थिए। साथै साधारण खर्च घटाउन नसकेको, प्रभावकारी कार्यान्वयन हुन नसकेको, कृषि र स्वास्थ्यमा बजेट कमी भएको, औचित्यका हिसाबले खर्च कटौती गर्ने संस्थाका बारेलगायत विषयमा विभिन्न प्रश्न उठाएका थिए।*
*सुख, दुःखमा सांसदले सहयोग गरुन् भन्ने जनताको माग भएकैले एक सय ६५ निर्वाचन क्षेत्रमा प्रत्यक्ष, समानुपातिक र राष्ट्रियसभाका सांसदले यसको सिफारिस गर्नसक्ने गरी कार्यविधि निर्माण गरिने पनि उनले स्पष्ट पारे।*

समाजवादोन्मुखबाट चुकेको, आर्थिक वृद्धिको लक्ष्य महत्वाकाङ्क्षी भएको, राजस्वको लक्ष्य महत्वाकाङ्क्षी भएको भन्दै आलोचना गरेका थिए । साथै साधारण खर्च घटाउन नसकेको, प्रभावकारी कार्यान्वयन हुन नसकेको, कृषि र स्वास्थ्यमा बजेट कमी भएको, औचित्यका हिसाबले खर्च कटौती गर्ने संस्थाका बारेलगायत विषयमा विभिन्न प्रश्न उठाएका थिए ।

**आलुप्याज जसरी सवारी साधन किन्न सकिन्न**

अर्थमन्त्री डा प्रकाशशरण महतले सीमा पार गएर आलु प्याज किने जसरी सवारी साधन खरिद गर्न नसकिने भन्दै करका दरसम्बन्धी का सूचना चुहाएर धेरै गाडी आयात भए भन्न नमिल्ने बताएका छन् । आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमाथिको सामान्य छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री डा महतले विद्युतीय गाडीमा निर्धारण गरिएको करका दरसम्बन्धी सूचना चुहावट भएकाले बजेट अगाडि धेरै गाडी आयात भए भन्नुको कुनै अर्थ नभएको बताए ।
अहिले आयात भएका एक हजार तीन सय गाडीमध्ये ९० प्रतिशत गाडीको प्रतितपत्र ( एलसी) चैतमै खुलेको उनको भनाइ छ । 'करको दर परिवर्तन गर्ने प्रस्तावसम्बन्धी छलफल बजेट आउने अघिल्लो दिन रातिमात्र हुने र उक्त समयमा भन्सार बन्द हुने गरेको छ, हरेक बर्ष बजेट भाषण अगाडि भन्सारबाट धेरै सामान आयात हुन्छ, तथ्याङ्कले नै यो पुष्टि गर्छ, राजश्व तिर्ने क्षमता भए नाकामा रोकिएका सामान पनि यही समयमा भित्रिने गरेको छ', उनले भने ।
विद्युतीय सवारी साधन प्रवर्द्धन गर्नकै लागि नेपालमा सार्क मुलुकमै सबैभन्दा कम कर लगाइएको समेत मन्त्री महतको भनाइ छ । सार्क मुलुकमा विद्युतीय सवारी साधनमा लाग्ने पैठारी महसुल दर नेपालको तुलनामा धेरै रहेको उनले बताए । भारतमा अनएसेम्बल अवस्थाका साधनमा ३५ प्रतिशत, ४० हजार अमेरिकी डलरसम्मका लागि ६० प्रतिशत र सोभन्दा बढी मूल्यको हकमा १०० प्रतिशत छ । पाकिस्तानमा ५० प्रतिशत, बङ्गलादेशमा सबै प्रकारको कर गरेर करिव ९० प्रतिशत र श्रीलङ्कामा ५० किलोवाटसम्मका लागि १५ प्रतिशत भन्सार र प्रतिकिलोवाट १५ हजार अन्तःशुल्क लाग्ने व्यवस्था रहेको मन्त्री महतले बताए ।
अर्थमन्त्री डा महतले सर्वसाधरणले प्रयोग गर्ने २०० सिसि क्षमताको मोटरसाइकलको अन्तशुल्क र २००० सिसि क्षमताको कारको अन्तशुल्क एउटै भएकाले त्यसलाई समायोजन गरिएको पनि स्पष्ट पारे । 'आर्थिक वर्ष २०७७/७८ मा २०० सिसिभन्दा बढी क्षमताका तीन अर्ब ६१ करोड रुपैयाँ मूल्यका २४ हजार ३०५ थान मोटरसाइकल पैठारी भई तीन अर्ब ९४ करोड रुपैयाँ राजस्व संकलन भएकोमा चालु आर्थिक वर्षको वैशाखसम्म ६२ करोड रुपैयाँ मूल्यका ३ हजार ६४८ थान मात्र पैठारी भई त्यसबाट ८५ करोड रुपैयाँ राजस्व प्राप्त भएको देखिन्छ', उनले भने 'गत वर्षको तुलनामा संख्यात्मक रुपमा ६६० प्रतिशत, मूल्यगत रुपमा करिब ५८० प्रतिशत र राजस्व संकलनमा करिब ४९० प्रतिशतले कमि आएको देखियो ।'
महतले गत आर्थिक वर्षमा २०० सिसि क्षमताभन्दा माथिका मोटरसाइकलमा लाग्ने अन्तःशुल्क मात्र बढेको र अन्तःशुल्कको दर २००० सिसि क्षमतासम्मका चारपाङ्ग्रे सवारी साधनको भन्दा बढी रहेको देखिएकाले करका दर समायोजन गरिएको स्पष्ट पारे । त्यस्तै २०० सिसिदेखि ४०० सिसि क्षमतासम्मका मोटरसाइकलको समूहभित्र कुनै एक निश्चित कम्पनी र घरनाले आयात गर्ने निश्चित ब्राण्डका मोटरसाइकल मात्र नपरी एक दर्जनभन्दा बढी कम्पनीले आयात गर्ने एक दर्जनभन्दा बढि ब्राण्डका करिब तीन दर्जन मोडलका मोटरसाइकल पनि पर्ने उनले बताए ।

**अर्थतन्त्र चलायमान हुने ढङ्गले बजेट आएको छ**

अर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको अर्थतन्त्र चलायमान बनाउने ढङ्गले वजेट निर्माण भएको बताएका छन् । नेपाली कांग्रेस काठमाडौँ क्षेत्र नं ५ ले आयोजना गरेको क्षेत्रीय सम्मेलनमा उनले देश र जनतालाई केन्द्रविन्दूमा राखेर अर्थतन्त्रलाई चलायमान बनाउने ढङ्गले बजेट निर्माण भएको दाबी गरे ।
'केही समूहलाई बजेटबारे चित्त बुझेको छैन, दृढ अठोठका साथ कुनै स्वार्थ समूहको कुरा नसुनी बजेट निर्माण गरेका हौँ, बजेटले अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत पुग्छ, बजेटले सबै क्षेत्रलाई समेटेको छ', उनले भने । निरपेक्ष भावका साथ बजेट निर्माण गरिएको उनको भनाइ छ । अर्थमन्त्री डा महतले आफ्नो अठोट देश र जनताप्रति भएको स्पष्ट पारे । 'हाम्रा आकाङ्क्षाहरू धेरै छन् तर स्रोत र साधन सीमित छन्, भएका स्रोत साधनलाई उच्चतम प्रयोग गरी अर्थतन्त्रलाई चलायमान बनाउन लाग्नुपर्छ,' उनले भने ।
नेपाली कांग्रेसका प्रवक्तासमेत रहेका डा महतले पार्टीभित्र अनुशासन जरुरी रहेको बताए । पार्टीभित्र एक अर्काप्रति आदर र सम्मान गर्ने परिपाटी राख्नुपर्ने उनको भनाइ थियो । उनले कांग्रेस बलियो भए कुनै राजनीतिक दल र शक्तिसँग समन्वय र गठबन्धन गर्न नपर्ने बताए । पार्टीभित्र छलफल गरी निष्कर्ष निकालेर बाहिर एक स्वरका साथ जानुपर्ने उनको भनाइ छ । व्यक्ति पार्टीभन्दा ठूलो बन्न नसक्ने डा महतले बताए ।

# एकै परिवारका तीनजना निर्घात कुटिए



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको भिठ्ठामोडस्थित एक पसलमा पानी किन्ने विषयमा विवाद हुँदा जनकपुरधामका एकै परिवारका तीनजनामाथि निर्घात कुटपिट गरिएको छ ।
महोत्तरीको सम्सी गाउँपालिका-५ पोखरभिण्डा घर भई जनकपुरधाम उपमहानगरपालिका-६ बस्दै आएकी ३६ वर्षीया सविता देवी महतो, उनका भाइद्वय ३२ वर्षीय सुजित साह र २५ वर्षीय सुनिल साहलाई निर्घात कुटपिट गरिएको हो ।भारतबाट फर्किरहेका उनीहरु भिठ्ठामोडस्थित शिवम होटेलमा पानी किन्न पुगेका बेला विवाद भएको र सोही क्रममा होटल सञ्चालकसहितका व्यक्तिले तीनैजनामाथि निर्घात कुटपिट गरेको पीडितले बताएका छन् ।
एकबोतल पानी किन्दा ५० रुपैयाँ भारु उनीहरुले दिएका थिए । तर, होटेल सञ्चालकले नेपाली रुपैयाँ दिनु पर्छ नभए पानी नदिने भनेपछि विवाद भएको थियो । त्यसै क्रममा सञ्चालकसहितकाले आफूहरुमाथि कुटपिट गरेको पीडित सुजित साहले दुःखेसो पोखे ।
कुटपिटबाट सविताको तालु फुटेको छ भने सुजितको टाउकोमा चोट लागेको छ । सुनिलको कान र पिठ्युमा गम्भीर चोट लागेको छ ।उनीहरुको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ ।
विवाद पश्चात प्रहरी घटनास्थल पुगेपनि कुटपिट गर्नेहरुलाई पक्राउ नगरेको पीडितको गुनासो छ । महोत्तरीका प्रहरी उपरीक्षक प्रकाश मल्लले घटना विषयमा बुझ्ने प्रयास गरिरहेको र दोषीलाई कारबाही गरिने बताए ।
यता, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले जनकपुरधामका व्यापारी सुजित साह, सविता देवी महतो र सुनिल साहमाथी भिठ्ठामोडमा सांघातिक प्रहार गरि गम्भीर घाइते बनाएको घटनाप्रति दुःख व्यक्त गरेका छन् ।अध्यक्ष महासेठले घटनाप्रति जनकपुरधाम उद्योग वाणिज्य संघको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै दोषीमाथि कडा कानुनी कारवाहीको माग गरेका छन् ।

# २१ औं विश्व बालश्रमविरुद्धको दिवस मनाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सोमबार २१औं विश्व बालश्रम विरुद्धको दिवस मनाएको छ। हरेक वर्ष जुन १२ लाई संसारभर बालश्रम विरुद्धको दिवसको रुपमा मनाइने गरिएको छ।
नेपालमा पनि बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाहरुले बालश्रम विरुद्धको दिवस मनाएका छन् । बालबालिकालाई श्रमिकका रुपमा प्रयोग गरिने कार्यविरुद्ध बालश्रम विरुद्धको दिवस मनाउन थालिएको हो ।
जिल्ला प्रहरी कार्यालय धनुषाले सोमबार बिहान प्रभातफेरिको आयोजना गरि यो दिवस मनाएको हो ।
प्रभातफेरि पश्चात स्थानीय जनकचोकमा आयोजित कार्यक्रममा बोल्दै धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले स्नातक नगरेसम्म काममा लगाउन नपाइने कानुन बन्नुपर्ने आवश्यकता रहेको बताए ।कार्यक्रममा धनुषाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले किशोर किशोरीलाई घरबाट भागेर विवाह नगर्न र बालविवाह गराउन खोज्दा अभिभावकलाई पनि जिद्दी गरेर सम्झाउन आग्रह गरे । बालश्रम विरुद्ध आईएलओ महासन्धि १८२ र श्रममा प्रवेश गर्ने न्युनतम उमेर सम्बन्धि महासन्धि १३८ कार्यान्वयनको सन्दर्भ पारेर सन् २००२ देखि १२ जुनलाई विश्व बालश्रम विरुद्धको दिवसका रुपमा मनाउन थालिएको हो ।अन्तर्राष्ट्रिय श्रम संगठन आईएलओ कन्भेसनको भाग १३८ मा नेपालले पनि हस्ताक्षर गरि ऐक्यवद्धता जनाएको छ। नेपालमा बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षमुनिकालाई बालबालिका भनेर परिभाषित गरेको छ।



# मैथिली भाषालाई प्रदेशको कामकाजी भाषा बनाउन माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मैथिली साहित्यकार सभाको अगुवाईमा मधेश प्रज्ञा प्रतिष्ठानलाई १२ बुंदे मागपत्र बुझाइएको छ।
सोमबार प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीलाई मागपत्र बुझाउदै प्रतिष्ठानमा मैथिली विभागको गठन,समावेशी मैथिली व्याकरण र शव्दकोषको निमार्ण,मातृभषाको भाषिक सर्वेक्षण,मैथिली भाषालाई प्रदेशको कामकाजी भाषा बनाउने सिफारिश,तिरहुता लिपिको प्रशिक्षण,मैथिली नाटक,संगीतकला संसकृति सम्वन्धि विशेष समारोह आयोजनाको को माग सहित बारह सुत्रीय माग पेश गरिएको छ।
मागपत्रमा सभाका सभापाल प्रेम विदेह,मिथिला नाट्यकला परिषदका अध्यक्ष परमेश झा,रंगदपर्णका अध्यक्ष रितेश साह(पाटली),गणेश युवा कमिटिका अध्यक्ष संतोष महतो,महाविर युवा कमिटिका अध्यक्ष बलराम साह,रमानन्द युवा कल्वका अधयक्ष शशिभुषण झा र जनचेतना अभियानका निर्देशक सुनिल यादवले हस्ताक्षर गरेका छन् ।
सभाका सभापाल प्रेम विदेहको नेतृत्वमा गएको टोलीमा मिनापका महासचिव शैलेन्द्र मल्लीक,रंगदपर्णका अध्यक्ष रितेश पाटली,रमानन्द युवा कल्वका महासचिव रोशन मिश्र र कालाकार विपिन पाठकको उपस्थिती रहेको थियो।

# पठनपाठन नसुधारे ताल्चा झुण्डयाइने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाका एक विद्यालयका विद्यार्थीहरुले पठन पाठन सम्वन्धि ठोस निर्णय नगरिए विद्यालयमा ताल्चा झुण्डयाउने चेतावनी दिएको छ। गणेशमान चारनाथ नगरपालिका अन्तरगत रहेको रामवृक्ष यादव स्मृति प्राविधिक विद्यालय( वाली विज्ञान) बरमझीयाका विद्यार्थीहरुले सोमबार विद्यालय प्रशासनलाई एक दिनको समय दिदै मंगलबार विहान १० बजे सम्म ठोस निर्णय नलिइए आन्दोलनका साथै विद्यालयमा ताल्चा झुण्डयाउने चेतावनी दिएको हो।


विषय :- पठनपाठन सम्बन्धमा।
महोदय

विद्यार्थीहरुले विद्यालयलाई निवेदन बुझाउदै विद्यालयको पठनपाठन विगत दुई वर्ष देखि राम्रो नभएको र यससम्वन्धि गुनासो गर्दा झुठा अश्वासन मात्रै दिने गरेको गुनासो गरेको छ। तसर्थ हामी आफनो अधिकार पाउनका लागि यो प्राविधिक संस्थालाई मंगलबार विहान सम्म ठोस निर्णय नगरिए आन्दोलन गर्न बाध्य हुने निवेदनमा उल्लेख छ।

# भारतबाट सात बालक उद्धार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाका सात बालक भारतबाट उद्धार गरेर जनकपुरधाम फर्काइएको छ । सोमबार समाजीक अभियन्ता सरोज रायको पहलमा सोमबार भारतको मधुबनी स्थित न्यायिक हिरासतबाट बालकल्याण समिति माफर्त बालकका परिवारजनहरुलाई जिम्मा लगाएको बताइएको छ। उद्धार भएका बालकहरुमा विदेह नगरपालिकाको तिन जना, सबैला नगरपालिकाको चार जना र जनकपुरधाम उपमहानगरपालिकाको एकजना रहेको छ। यिनीहरूको नाम क्रमशः उदय शंकर मण्डल, आकाश मुखीया, चन्दन कुमार पासवान, दिपक कुमार कापड, कृष्ण कुमार दास, शिव कुमार दास र रवि पंजियार रहेका छन् ।
उद्धार गरिएका सबै बालक १८ बर्षमुनिको रहेको छ ,
जेष्ठ २१ गते जयनगर सिमा भएर भारत प्रवेश गर्नलागेको सात नेपाली बालकलाई भारतीय प्रहरीले पक्राउ गरेको थियो। सातै बालकलाई भारतीय तस्कर मधुवनी जिल्ला हरिणे हरलाखी निवासी हाशिम अन्सारी र अब्दुल रहमान अन्सारी काम गराउन असाम लैजाने तयारीमा रहेको चाइल्डलाइन सवसेन्टर जयनगरको समन्वयक तारानाथ ठाकुरले जानकारी दिए । एसएसबी-४० बटालिएन हरिणेको सुचनाको आधारमा यिनी सबै बालकलाई पक्राउ गरी चाइल्डलाइन सवसेन्टर जयनगरलाई बुझाइएको थियो ।
यि सबै बालकलाई बाल कल्याण समिती मधुवनीको न्यायिक अधिकार भित्र राखिएका थिए। यिनीहरू वारे बालकल्याण समिती मधुवनीले सामाजिक अभियन्ता सरोज रायलाई जेष्ठ २७ गते पत्रचार मार्फत जानकारी गराएपछि उद्धारको लागि अभियन्ता रायले पहल सुरू गरेको थिए। सबैको आमाबुवा संग सम्पर्क गरि आवश्यक कागजात संकलन गरेंर सबैको सामाजिक अन्वेंषण प्रतिवेदन मधुवनी पठाए पछि सोमबारदेखि बालकल्याण समिती मधुवनीले परिवारजन्यलाई बालक जिम्मा लगाउन सुरू गरेको अभियन्ता रायले जानकारि दिएका छन्।

# उड्न लाग्दा बुद्ध एअरको जहाजमा धुवाँ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामदेखी काठमाडौं उड़ान भर्ने क्रममा सोमबार साँझ बुद्ध एअरको विमानमा धुवाँ देखिएको छ।
यु४-५०८ नम्बरको बुद्ध एअरको सो विमान जनकपुरधामबाट काठमाडौंका लागि उडान भर्ने क्रममा रनवेमै पुग्दा जहाजभित्र धुवाँ देखिएको हो ।दिउँसो ४:३० बजे उडान भर्ने समय रहेको सो विमान साँझ ५:३७ मा उडान भरिरहेका बेला रनवेमा पुगेपछि विमानभित्र अचानक धुवाँ देखिएको एक यात्रीले बताए । विमानमा धुँवा देखेपछि यात्रीहरु अत्तालिएका थिए ।
काठमाडौंका लागि उड़ान भर्नै लाग्दा धुवाँ देखा परेपछि विमान पुनः पार्किङ्गमा फर्काइएको एक यात्रीले जानकारी दिए । फ्लाइट रद्द हुँदा यात्रुहरू बिचल्लीमा परेका छन् ।यसअघि पनि जेठ ७ गते साँझ जनकपुरधाम विमानस्थलको रनवेमा स्याल कुदेपछि अवतरण नगरेर यति एअरलाइन्सको जहाज काठमाडौँ फर्केको थियो । पाइलटले दुई पटक अवतरण गर्न खोजे पनि रनवेमा स्याल देखिएपछि जहाज काठमाडौँ फर्केको थियो ।पाइलटले एटीसीलाई रनवेको अवस्थाको बारेमा जानकारी गराउँदा जहाज अवतरण नगर्न सुझाएपछि जहाज ओभरसुट गरी फर्केको थियो ।
त्यसअघि, जनकपुरधामबाटै काठमाडौं उड्न लागेको बुद्ध एअरको विमानमा मुसा देखेपछि उडान स्थगित भएको थियो । नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले बुद्ध एअरको विमानमा मुसा देखिएको पुष्टि गरेका थिए । ४९ जना यात्रुको बोडिङ भइसकेपछि जहाजमा मुसा देखिएको थियो ।



# हवाई मार्गमार्फत् कार्गो सेवा सञ्चालन



**सिन्ह्वा**
**चीन ।**
पूर्वी चीनको जियाङ्सु प्रान्तको राजधानी नानजिङबाट बङ्गलादेशको राजधानी ढाकाका लागि १७.६ टन टेक्सटाइल सामग्री बोकेको कार्गो विमान उडेको नानजिङ भन्सारले पुष्टि गरेको छ।
'पूर्वी चिनियाँ शहर नानजिङले पहिलो पटक दक्षिण एशियालाई जोड्ने हवाई कार्गो सेवा सुरु गरेको छ,' चिनियाँ भन्सार कार्यालयले जानकारी गराएको छ। यो मार्ग प्रत्येक बुधबार, बिहीबार र शुक्रबार नियमितरूपमा सञ्चालन हुने तालिका छ भने यसबाट वार्षिक दुई हजार ८०० टनभन्दा बढी मालसामान ढुवानी हुने अपेक्षा गरिएको छ।
'नानजिङको वरपरका क्षेत्रमा पूर्णआपूर्ति श्रृंखलाको साथ ठूलो मात्रामा टेक्सटाइल उद्योग छ। यहाँ उत्पादित कपडाहरू अन्तर्राष्ट्रिय ग्राहकबीच लोकप्रिय छन्, र नयाँ खोलिएको हवाई कार्गो मार्गले स्थानीय उद्यमलाई उनीहरूको वस्तुहरू निर्यात गर्नका लागि पहुँच प्रदान गर्दछ,' चिनियाँ अन्तर्राष्ट्रिय रसद कम्पनीका कर्मचारी बी हेन्फेनले भने।

# अक्सिजन अभावमा माछा मरे



**सिन्ह्वा**
**ह्युस्टन ।**
अमेरिकाको टेक्सास राज्यको गल्फ कोस्ट क्षेत्रका समुन्द्री किनारमा दुर्लभ मेन्हाडेन प्रजातीका हजारौँ माछाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले जनाएको छ।
क्विन्टाना तटबीच काउन्टी पार्कबाट करिब ९.७ किलोमिटर टाढा ब्राजोस नदीको मुहान नजिकै ब्रायन बिचको विकट छेउमा मरेका माछाफेला परेको गल्फ कोस्टमा रहेको बिचफ्रन्ट पार्कका अधिकारीले बताएका छन्।
शुक्रबारदेखि तटीय पानीमा सयौँ मरेका माछा तैरिरहेको तस्बिर सार्वजनिक गरेका निकुञ्जका अधिकारीले सतही पानी र सूर्यको प्रकाशको कमीका कारण अक्सिजनको मात्रा घटेकोले माछाह मरेकोअ बताएका छन्। सफाइको प्रयास जारी रहेपनि पानी कम हुँदा अक्सिजनको अभाव भएको र यहाँ अझै हजारौँ माछा मर्ने अनुमान गरिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

# प्रथम विश्वयुद्धमा मारिएका खोजी र सम्झना




**एएफपी**
**फ्रान्स ।**
करिब १०५ वर्षअघि प्रथम विश्वयुद्धमा मारिएका तर हालै मात्र पहिचान भएका तीन जना क्यानडाली सैनिकको अवशेष फ्रान्समा सैन्य भावनाले भरिएको समारोहबीच पुन ः गाडिएको छ। यस युद्धमा लाखौं सैनिकको मृत्यु भएको थियो तर अहिलेसम्म उत्तरी फ्रान्सको खेतबारीमा रहेका केही सैनिकको मात्र पहिचान भएको छ।

हालका वर्षहरूमा उत्तरी फ्रान्समा धेरै भन्दा धेरै प्रथम विश्वयुद्ध सैनिकहरूको अवशेषहरू फेला परेका छन्। यसका लागि प्रमुख पूर्वाधार परियोजनाहरू र मृतकहरूको आफन्तसँग समन्वय गर्ने निकायहरूको उत्कृष्ट सङ्गठनप्रति आधार प्रकट गर्नुपर्छ।

युद्धमा ३२ वर्षको उमेरमा मृत्यु भएका आफ्ना काका सर्जेन्ट रिचर्ड मुसग्रेभका ७७ वर्षीय गोर्डन गिलफेथरले भने 'हामीलाई थाहा थियो उहाँ फ्रान्समा मारिनुभएको थियो र उहाँलाई भिमी मेमोरियलमा सम्मान गरिएको थियो। तर याद गर्नुको विकल्प के नै छ ? केवल सम्झना गर्नु र उनीहरूप्रति सद्भाव दर्शाउनु हाम्रो दायित्व हुनेछ।'



नजिकैको अरसको उत्तरमा रहेको भिमी मेमोरियलमा प्रथम विश्वयुद्धमा फ्रान्समा ज्यान गुमाएका ११ हजार २८५ क्यानेडियाली नागरिकको नाम अङ्कित गरिएको छ। उत्तरपूर्वी शहर लिले नजिकै लुस-एन-गोहेलस्थित बेलायती चिहानमा बिहीबार आयोजित समारोहमा गिलफेथरले भने 'यो निकै भावनात्मक दिन हो।'

अर्का नातिनी ८३ वर्षीय जेम्स मुसग्रेभ कोल्टम्यानले समारोहबारे भने 'यो अचम्मको विचार हुनसक्छ तर म (मृतक सैनिक) उहाँको बहिनी, जो हाम्रो हजुरआमा हुनुहुन्थ्यो, केवल यो हेर्न यहाँ उपस्थित भएको र मेरो हजुरबाप्रतिको सम्मान व्यक्त भएको हेर्न चाहन्थें। किनकी उहाँले आफ्नो दाजुलाई अनाहकमा मारिएकोमा निकै पश्चाताप गर्नुहुन्थ्यो।'

मुसग्रेभको शव सन् २०१७ मा लेन्स नजिकै फेला परेको थियो र उनीसँग भेटिएका २४ वर्षीय ह्यारी आथर्टन र २३ वर्षीय पर्सी हावर्थसँगै बेलायती चिहानमा पुनः गाडिएको थियो। तीनै जना बेलायतमा जन्मिएका थिए र क्यानडामा बसाइँ सरेका थिए र युरोपमा भर्ती भएर युद्ध गर्न फर्केका थिए।

**छ लाख अझै वेपत्ता**

१९१७ को अगस्टमा हिल-७० को युद्धको पहिलो दिन १० हजारभन्दा बढी क्यानेडियालीहरू लेन्सको रणनीतिक खानीहरूको शहरलाई पुनः कब्जा गर्ने प्रयासमा मारिएका थिए वा घाइते भएका थिए।
प्रथम विश्वयुद्धको समयमा उत्तरी फ्रान्समा हराएका छ लाख सैनिकहरूमध्ये हरेक छ जनामा एक भूतपूर्व बेलायती साम्राज्यका थिए।





युद्धका समय मारिएका र गाडिएका सैनिकको अवशेष धेरै वर्षसम्म पेरिस र बेल्जियमको सिमानाको बीचमा ीनिरन्तर फेला पर्थे तर कुनै सोच र विचार बिना नै चुपचाप हटाइन्थ्यो। अरासस्थित पुरातत्व विभागका प्रमुख एलेन ज्याक्सले भने 'जब पहिलो ठूला पूर्वाधार परियोजनाहरू निर्माण गरिएको थियो, त्यहाँ उत्खननको लागि आधिकारिक प्रक्रिया थिएन। परियोजनाहरूको कामले बाधा पुर्‍यायो भने आफुहरूको काम रोकिने झण्झटका कारण स्थानीय 'रियल इस्टेट' का जन्मदाता र किसानहरू उनीहरूले फेला पारेका शवहरूबारे उल्लेख गर्न हिचकिचाउँथे।'

ज्याक्सले भने 'त्यसयता निर्माण स्थलहरूमा व्यवस्थित रूपमा विस्फोटक पदार्थ र अवशेष सफा गर्ने अधिकारीहरूलाई बोलाउँछन्। सेनाका रूपमा गरिने जिम्मेवार सेवाहरू अधिक उत्तरदायी हुने हुनाले पूर्व सैनिकहरूलाई प्रायः यी अवशेषहरूले छुन्छन्। किनकि उनीहरूसँग युद्धको साथै र राष्ट्रभक्तिको भावना जोडिएको छ।'

कमनवेल्थ वार ग्रेभ्स कमिसन ( सीडब्ल्यूजीसी) ले राष्ट्रमण्डल सैनिकहरूको अवशेष पहिचान गर्न राष्ट्रिय अधिकारीहरूलाई सहयोग गर्दछ। सन् २०२१ देखि उत्तरी फ्रान्समा दुई जना मानवशास्त्री मानव अवशेष र तिनीहरूलाई पहिचान गर्न रेजिमेन्ट बिल्ला र रोजगारदाताको सङ्केत गर्ने शुरूवाती अक्षरहरू भएका व्यक्तिगत वस्तुहरू सङ्कलन गर्न मद्दत गर्न सक्ने सहयोगी तैनाथ छन्।

'हामीले निर्माण उद्योग, खानी सफा गर्ने र प्रहरीलाई समावेश गरेर एक सञ्जाल निर्माण गरेका छौं, त्यसैले रोचक खोज आउँदा हामीलाई सूचित गरिन्छ,' सीडब्ल्यूजीसीको रिकभरी युनिटका प्रमुख स्टेफन नाजीले भने। प्रत्येक वर्ष, यो सेवाले खेत वा हावाबाट बिजुली निकाल्न प्रयोग गरिएका ठूलाठूला 'विन्डफार्म' जस्ता निर्माणस्थलमा फेला परेका ४० देखि ६० वटा शव ह्यान्डल गर्दछ।

**महत्वपूर्ण अवसर**

हाल पहिचान भइरहेका मध्ये धेरै अवशेष लेन्सको नयाँ अस्पतालस्थलमा फेला परेका थिए। पेरिसको उत्तरमा रहेको कम्पिग्नेदेखि बेल्जियमको सीमा नजिकको क्याम्ब्राई जोड्ने सेन-नोर्ड नहर खन्ने क्रममा दशौं, सम्भवतः सयौं अन्य लाई उत्खनन गर्न सकिन्छ।

यसको १०७ किलोमिटर (६६-माइल) लम्बाइको लागि, नहरले पहिलो विश्वयुद्धको अग्रपङ्तीलाई पछ्याउँदछ। 'अहिले पनि एक लाख सैनिक पहिचानविना नै फ्रान्सको युद्धभूमिमुनि गाडिएको अवस्थामा छन्,' सीडब्ल्यूजीसीका महानिर्देशक क्लेयर होर्टनले मे ४ मा कमनवेल्थ पीडितहरूको बारेमा भने। होर्टनले थपे 'उनीहरूका प्रियजनहरूको कुनै ठेगाना छैन, तिनीहरूलाई एक लाख परिवारहरूसँग यथाअवस्थामा पुनः मिलन गराउन हामी काम गर्नेछौं।' होर्टनले अस्पताल र नहरको निर्माणले 'अवसरको छोटो तर महत्वपूर्ण ढोका' को प्रतिनिधित्व गरेको बताए।'बीस देखि तीस हजार मानिसहरू यो सानो पाँच किलोमिटर क्षेत्रभित्र मरेका थिए,' उनले भने। अस्पतालस्थलमा 'हरेक पटक जब उनीहरूले जमीनमा खन्ने काम गर्छन्, उनीहरूले कसैलाई भेट्टाउँछन्।' बेलायती कब्रिस्तानको छेउमा लुस-एन-गोहेलमा १२ हजार चिहानहरूको लागि ठाउँ तयार भइरहेको छ। गिलफेथरले भने 'तिनीहरू कहिल्यै बिर्सन सकिँदैनन्। उनीहरूले हामीलाई शान्तिपूर्वक बाँच्नका लागि आफ्नो जीवन बलिदान गरे। एकसय वर्ष बितिसक्दा पनि हामीले यो बिर्सन सक्दैनौं।'

# सुरक्षा अधिकारी हत्या अभियोगमा तीन जनालाई मृत्युदण्ड



**एएफपी**
**रियाद ।**
साउदी अरबले एक सुरक्षा अधिकारीको हत्या गरेको र 'आतङ्कवादी समूह' खडा गरेको अभियोगमा आइतबार तीन आफ्ना नागरिकलाई मृत्युदण्ड दिएको छ। एएफपीका अनुसार यस वर्षको सुरुदेखि अहिलेसम्म साउदी अधिकारीले ५२ जनालाई मृत्युदण्ड दिइसकेका छन्, जसमा २० जना आतङ्कवादसँग सम्बन्धित अपराधमा सङ्लग्न छन्।
साउदी अरबको गृह मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै तीनै जनाले राजधानी रियादमा एक अधिकारीको हत्या गरेको र उनको सवारी सधानमा आगो लगाएर शव जलाएको जनाएको छ। उनीहरूलाई आतङ्कवादलाई आर्थिक सहयोग गरेको, हातहतियार, गोलाबारुद र विस्फोटक पदार्थ बनाउन प्रयोग हुने सामग्री राखेको अभियोगमा पनि दोषी ठहर गरिएको मन्त्रालयले जनाएको छ।
अधिकारीले आइतबार रियादमा मृत्युदण्डको सजाय सुनाएको मन्त्रालयले जनाएको छ। उक्त वक्तव्यमा प्रयोग गरिएको विधिबारे केही उल्लेख गरिएको छैन, तर राज्यले प्रायः जसो टाउको छेदन गरी मृत्युदण्ड दिने गरेको छ। यस वर्ष 'आतङ्कवाद' का लागि सबैभन्दा बढी मृत्युदण्ड सुन्नी मुस्लिम राज्यको पूर्वी क्षेत्रमा भएको छ, जहाँ शिया अल्पसङ्ख्यक समुदायको बाहुल्यता छ।
गत महिना साउदी अरबले दुई बहराइनीलाई पनि आतङ्कवादसँग सम्बन्धित अपराधमा मृत्युदण्ड दिएको थियो। साउदी अरब विश्वकै सबैभन्दा धेरै मृत्युदण्ड दिने मुलुकमध्ये एक हो। गत वर्ष आतङ्कवादसँग सम्बन्धित अपराधमा १४७ जनालाई मृत्युदण्ड दिइएको थियो, जसमध्ये ८१ जना एकै दिन मारिएका थिए। सामूहिक मृत्युदण्डको घटनाले अन्तर्राष्ट्रियस्तरमा आक्रोश उत्पन्न गरेको थियो।
सन् २०१५ मा राजा सलमानले सत्ता सम्हालेयता एक हजारभन्दा बढीलाई मृत्युदण्ड दिइएको बेलायतस्थित रिप्रिभ र युरोपियन साउदी अर्गनाइजेसन फर ह्युमन राइट्सले यसै वर्षको सुरुमा प्रकाशित गरेको प्रतिवेदनमा उल्लेख छ।

# बस दुर्घटना, १० जनाको मृत्यु



**एएफपी**
**अस्ट्रेलिया ।**
अस्ट्रेलियाको सिड्नी नजिकैको लोकप्रिय वाइन क्षेत्रमा विवाह समारोहमा आएका पाहुना चढेको बस अनियन्त्रित भई पल्टिँदा १० जनाको मृत्यु भएको प्रहरीले सोमबार जनाएको छ। सेतो रङको बस स्थानीय एक बगैँचामा विवाह समारोहबाट आएका पाहुनालाई लिएर जाँदै गर्दा आइतबार अबेर राति बायाँपट्टि खसेको र चोकको प्रवेशद्वारमा ठोक्किएपछि फुटपाथमा पल्टिएको थियो। दुर्घटनापछि एक दर्जनभन्दा बढी आपतकालीन कामदार घटनास्थलमा पुगेका र उनीहरूले २० जनाभन्दा बढी मानिस अस्पताल पुर्‍याएका थिए। एक बिरामीको अवस्था गम्भीर रहेको र अन्य २० जनाको अवस्था स्थिर रहेको प्रहरीले जनाएको छ।
सामाजिक सञ्जालमा शेयर गरिएको विवाहको तस्बिरमा दुर्घटना हुनुभन्दा केही घण्टाअघि स्थानीय बगैँचाको खाली भागमा भेला भई तस्वीर खिचाएका देख्न सकिन्छ। कार्यवाहक सहायक आयुक्त ट्रेसी च्यापम्यानले ५८ वर्षीय बस चालकलाई पक्राउ गर्नुअघि अष्ट्रेलियाली कानुनअनुसार अस्पतालमा लगि 'परीक्षण' गरिएको र उनलाई नजिकैको सेस्नोक प्रहरी कार्यालयमा हिरासतमा राखिएको बताएका छन्। 'उनले अनुसन्धानमा सहयोग गरिरहेका छन् र 'यो चरणमा चालकविद्धद्ध कुनै आरोप लगाइएको छैन,' उनले भने 'हामी चालकको व्यवहारका सबै तरिकाको अनुसन्धान गरिरहेका छौं।' च्यापम्यानका अनुसार दुर्घटनामा परेका केही यात्रु शिशा फोडेर दुर्घटनाग्रस्त बसबाट बाहिर निस्किएका थिए। विवाहमा सहभागी भएका यात्रु आ-आफ्नो आवासतर्फ जाँदै गरेको अनुमान गरिएको च्यापम्यानले बताए। अन्य कुनै पनि सवारी साधनसँग बस ठोकिएको नभई बसले सन्तुलन गुमाएका कारण दुर्घटना भएको थियो।

# अमेरिका जुलाइदेखि युनेस्कोमा पुनः सामेल हुने




**एएफपी**
**पेरिस ।**
संयुक्त राज्य अमेरिकाले सन् २०१८ मा वासिङ्टनले आफ्नो सदस्यता समाप्त गरेको लामो विवादको अन्त्य गर्दै यस वर्षको जुलाईदेखि युनेस्कोमा पुनः सामेल हुने योजना बनाएको संयुक्त राष्ट्रसङ्घको सांस्कृतिक निकायले सोमबार घोषणा गरेको छ।
'यो युनेस्को र बहुपक्षीयताप्रतिको विश्वासको बलियो कार्य हो,' युनेस्कोका महानिर्देशक अड्रे अजोलेले पेरिसमा सङ्गठनका सदस्य राष्ट्रका प्रतिनिधिलाई वासिङ्टनको पुनः सामेल हुने निर्णयबारे जानकारी दिँदै भने।
युनेस्कोको संस्थापक सदस्य संयुक्त राज्य अमेरिकाले यस निकायले प्यालेस्टाइनलाई सदस्य राष्ट्रको रूपमा स्वीकार गर्दासम्म अर्थात् सन् २०११ सम्म युनेस्कोको बजेटमा प्रमुख योगदान गरेको थियो। तर प्यालेस्टाइनलाई सदस्य राष्ट्रका रूपमा स्वीकार गरेपछि अमेरिकाको उक्त निकायसँगको विवाद शुरू भएको थियो।
सन् २०१७ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायलसँगै युनेस्कोबाट अमेरिका पनि बाहिरिने घोषणा गरेका थिए। यसको बहिर्गमन सन् २०१८ मा लागू भएको थियो। सन् २०१७ देखि युनेस्कोको नेतृत्व गर्दै आएकी फ्रान्सकी पूर्व संस्कृतिमन्त्री अजोलेले अमेरिकालाई फिर्ता ल्याउनु आफ्नो म्यान्डेटको प्राथमिकतामा राखेकी थिइन्।
अमेरिकी उपविदेशमन्त्री रिचार्ड वर्माले एएफपीलाई लेखेको पत्रमा 'राजनीतिकरणको बहसमा ध्यान कम गर्ने' लगायत 'महत्वपूर्ण मुद्दा' मा प्रगति गरेकोमा वासिङ्टन अजोलेप्रति कृतज्ञ रहेको बताए।
सन् २०११ मा युनेस्कोको योगदान स्थगन हुनुअघिसम्म अमेरिकाले युनेस्कोको कुल बजेटको करिब २२ प्रतिशत अर्थात् सात करोड ५० लाख अमेरिकी डलर तिर्दै आएको थियो। तर तत्कालीन राष्ट्रपति जो बाइडनको डेमोक्र्याटिक पार्टीको पूर्ण नियन्त्रण रहेको अमेरिकी कंग्रेसले डिसेम्बरमा संयुक्त राज्य अमेरिकालाई १५ करोड अमेरिकी डलर बजेटमा छुट्याएर आर्थिक सहायता पुनः स्थापना गर्न मार्ग प्रशस्त गरेको थियो।
अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गत मार्चमा युनेस्कोबाट अमेरिका अनुपस्थित हुनुले चीनलाई आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी नियम लेख्न दिएको बताए।
'युनेस्कोलाई उपहारको रूपमा होइन हामी युनेस्कोमा फर्कनुपर्छ भन्ने मेरो दृढ विश्वास छ। युनेस्कोलाई उपहारको रूपमा होइन। युनेस्कोमा भइरहेका कुराहरू वास्तवमा महत्त्वपूर्ण छन्,' ब्लिन्केनले बजेट प्रस्तुत गर्दा सिनेटको एक समितिलाई भने। 'उनीहरूले आर्टिफिसियल इन्टेलिजेन्सका लागि नियम, मापदण्ड र मापदण्डमा काम गरिरहेका छन्। हामी त्यहाँ बस्न चाहन्छौं,' उनले भने।
अमेरिकाले सन् १९८४ मा युनेस्कोबाट हात झिकेको थियो र करिब २० वर्षपछि सन् २००३ को अक्टोबरमा युनेस्कोमा पुनः सामेल भएको थियो। सन् २०२३ मा पुनः सामेल हुने प्रस्तावित योजना अब अन्तिम स्वीकृतिका लागि युनेस्कोका सदस्य राष्ट्रहरूको महासभामा पेश गर्नुपर्नेछ। केही सदस्य राष्ट्रहरू निर्णय गर्न चाँडै असाधारण अधिवेशन होस् भन्ने चाहन्छन्।

# चक्रवात बिपरजोयको प्रभाव मुम्बइमा पनि, हवाई उडान प्रभावित





**सिन्ह्वा**
**मुम्वई ।**
भारतको आर्थिक राजधानी मुम्बईमा आइतबार साँझदेखि प्रतिकुल मौसमका कारण बिपरजोय चक्रवात तीव्र भएपछि उडान प्रभावित भएको अधिकारीहरूले सोमबार बताएका छन्। पूर्व-मध्य र आसपासको उत्तरपूर्वी अरब सागरमा बनेको चक्रवाती आँधी 'बिपरजोय'ले अत्यधिक भीषण चक्रवाती आँधी मुम्बईमा अवतरण भएपछि शहर र वरपरका क्षेत्रमा भारी वर्षा र हावाहुरी चलेको छ। मुम्बई विमानस्थलका केही उडान रद्द वा ढिलो भएको र केहीले अवतरण रद्द गर्नुपरेको र सयौं यात्रुले आफ्नो उडानका लागि घन्टौं पर्खनुपरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।
'खराब मौसम र मुम्बई विमानस्थलको धावनमार्ग ०९/२७ अस्थायीरूपमा बन्द हुनुका साथै हाम्रो नियन्त्रणभन्दा बाहिरका अन्य कारणले गर्दा हाम्रा केही उडान ढिलाइ र रद्द भएका छन्,' एयर इन्डियाले आइतबार राति जारी गरेको विज्ञप्तिमा भनिएको छ।
सोमबार मुम्बईको मरिन ड्राइभमा पनि उच्च ज्वारभाटाको लहर देखिएको थियो र तटीय महाराष्ट्रका केही जिल्लामा आँधीबेहरीको चेतावनी जारी गरिएको छ।
भारतीय मौसम विज्ञान विभाग (आईएमडी) ले चक्रवात 'बिपरजोय' बिहीबार गुजरातको सौराष्ट्र र कच्छ तट पार गर्ने सम्भावना छ, र ती क्षेत्रमा उच्च आँधीको गति १५० किलोमिटर प्रतिघण्टासम्म पुग्ने जानकारी गराएको छ। प्रशासनले तटीय क्षेत्रमा आवश्यक सावधानी अपनाउन नागरिकलाई निर्देशन दिएको छ।

# मनसुनजन्य प्रकोपबाट साढे १२ लाख नागरिक प्रभावित हुने



**मधेशदृष्टि**
**वीरगंज।**
यो वर्षको बाढीपहिरो लगायत मनसुनजन्य प्रकोपबाट साढे १२ लाख नागरिक प्रभावित हुने अनुमान गरिएको छ ।राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले मनसुनजन्य जोखिमको अवस्थाबारे जानकारी गराउँदै यस वर्ष १२ लाख ५० हजार नागरिक प्रभावित हुनसक्ने बताए । प्राधिकरणको विश्लेषण अनुसार कोशी प्रदेशमा तीन लाख एक हजार १४३, मधेशमा चार लाख तीन हजार १८०, बागमतीमा ९६ हजार ८५८, गण्डकीमा ६९ हजार ७४४, लुम्बिनीमा एक लाख ९९ हजार ८६२, कर्णालीमा ३५ हजार ३३३ र सुदूरपश्चिममा एक लाख ४७ हजार १८१ जना प्रभावित हुने आकलन छ । मनसुनजन्य प्रकोपको पूर्वसूचना तथा पूर्वकार्यका लागि देशका ३४ स्थानमा स्मार्ट साइरन जडान, विपद् सामूहिक उद्धार सवारी तथा 'ए क्लास' एम्बुलेन्सहरु खरिद गरी सातवटै प्रदेश र काठमाडौं उपत्यकामा एक-एकवटा रहने व्यवस्था मिलाइएको पोखरेलले जानकारी दिए । विगतका तथ्यांकलाई हेर्ने हो भने इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, ओखलढुंगा, ललितपर, नवुाकोट, धादिङ, तनहुँ, स्याङ्जा, पाल्पा, गुल्मी, अर्घाखाँची, बागलुङ, प्यूठान, रोल्पा, रूकुम पश्चिम, दैलेख, अछाम र बैतडी पहिरोको जोखिममा छन् । त्यसैगरि, झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनषुा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपर, परासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपर बाढीबाट प्रभावित हुने गरेको प्राधिकरणले जनाएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार यो वर्ष तुलनात्मक रुपमा देशैभर कम पानी पर्नेछ । विभागका महानिर्देशक कमल राम जोशीले यस वर्षको मनसुन जेठ ३१ वा ३२ गते पूर्वबाट प्रवेश गर्ने संभावना रहेको बताए । उनका अनुसार मनसुन सय दिन सक्रिय हुनेछ ।

# रगत अभाव टार्न रक्तदान



**मधेशदृष्टि**
**वीरगंज।**
प्रचण्ड गर्मीसँगै वीरगंजका अस्पतालहरुमा रगतको अभाव भएको कारण विरामीहरुको उपचार प्रभावित भएपछि सोमबार भोलेन्टियर समूह वीरगंजद्वारा आकस्मिक रक्तदान कार्यक्रमको आयोजना गरिएको छ।
कार्यक्रममा ३० जनाले रक्तदान गरेका थिए । वीरगञ्जस्थित रक्तसञ्चार केन्द्रमा रगतको आभाव सृजना भएपछि भोलेन्टियर समूहले सोमबार आकस्मिक रक्दान कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा ६ महिलासहित ३० जनाले रक्तदान गरेको समूहका संयोजक राजन श्रीवास्तवले जानकारी दिएका छन्।
आकस्मिक रक्तदान कार्यक्रमको शुभारम्भ गर्दै वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले रक्तदान महादान भएको र रक्तसञ्चार केन्द्र वीरगञ्जले पर्सा मात्र नभइ छिमेकी जिल्लासहित भारतसमेतका विरामीलाई रगत उपलब्ध गराइरहेको अवस्थामा केन्द्रको भण्डारण क्षमता बढाउन महानगरपालिका तयार रहेको बताए।
उनले आकस्मिक रक्तदान कार्यक्रम आयोजना गरेकोमा भोलेन्टियर समूहका सदस्यहरुलाई धन्यवाद दिँदै अन्य सङ्घसंस्थाहरुले पनि समूहबाट पाठ सिक्नुपर्ने बताए।
कार्यक्रममा ब्लड डोनर्स एसोसीएसन पर्साका अध्यक्ष सत्रुधन नेपाल, वीरगञ्ज महानगरपालिका वडा नम्बर ६ का वडाअध्यक्ष प्रदीप चौरसिया, ब्लड डोनर्स एसोसीएसनका सचिव अरविन्द सिंह, अभिभावक सङ्घ पर्साका अध्यक्ष सन्दीप साह, वीरगञ्ज युवा समाजका संस्थापक अध्यक्ष कमल चौगाई, लगायतको उपस्थिति रहेको थियो।

# कतै भ्यागुतोको बिहे त कतै इर्दका नवाज पढेर पानीको पर्खाइ




**मधेशदृष्टि**
**वीरगंज।**
लामो समयको खडेरीले पिडित पर्साका किसानहरुले कतै भ्यागुताको बिहे गराएका छन् भने कतै इदका नवाज पढेर अल्लाहसँग पानीको माग गरेका छन् ।
पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर ३ मा सोमबार दिउँसो १२ बजे देखि १ बजे सम्म ४२ डिग्रीको टन्टलापुर घाममा बसेर ५ सय भन्दा बढी मुस्लिम समुदायका व्यक्तिहरुले सामुहिक रुपमा अल्लाहसँग पानीको मागगर्दै इदका नवाज पढेका छन् । लामो समय देखि पानी नपरेपछि तरकारी तथा मकै खेती, फलफुल खेती, सुक्न थालेपछि किसानहरुले अल्लाह तथा भगवान इन्द्रलाई खुसी बनाउन आफ्नो धार्मिक परम्परा अनुसार पुजा पाठमा व्यस्त हुन थालेका छन् ।
त्यसैगरी पर्साको ठोरीमा लामो समय पानी नपरेपछि भ्यागुताको बिहे गराएमा पानी पर्छ भन्ने जनविश्वासका साथ स्थानीयले भ्यागुताको बिहे गराएका छन् । लगातारको खडेरीले बालीनाली सुक्दै गएको र अत्याधिक गर्मी बढेपछी सोमबार स्थानियले धुमधामका साथ भगवानसँग पानी माग्दै भ्यागुताको बिहे गरिदिएका ठोरी २ का पूर्व वडा अध्यक्ष रामप्रकाश कुवरले जानकारी दिए ।
भ्यागुताको जोडीलाई सजाएर डोलीमा चढाइ पण्डितद्वारा वैदिकमन्त्र पाठ सहित रुद्रीपूजा गरी धुमधामसँग भ्यागुताको विवाह गराएको कुवरले बताए । स्थानीयमा वैदिक मन्त्र पढी भ्यागुतोको जोडीको विवाह गरिदिएमा पानी पर्ने जनविश्वास रहेकाले करिब २ घण्टा सम्म हवन गरी भ्यागुतोको जोडीको विवाह गरेको स्थानीयले जनाएका छन् । यसैगरी सोमबारनै बीरगंज महानगरपालिका वडा नम्बर २० अपौनी स्थित रामजानकी मन्दिरका पुजारी सत्यनारायण दासले भगवान इन्द्रसँग पानीको माग गर्दै दिउँसो टन्टलापुर घाममा खेतमा ५ घण्टा सुतेका थिए ।

# ज्येष्ठ नागरिकलाई निःशुल्क पंखा र झुल



**मधेशदृष्टि**
**वीरगंज।**
महोत्तरीको मटिहानी नगरपालिकाले ज्येष्ठ नागरिकहरूलाई निःशुल्क पंखा र झूल वितरण गरेको छ। मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले एक कार्यक्रमका बीच बढ्दो गर्मी र लामखुट्टेबाट बच्नको लागि ८२ वर्षमाथिका ज्येष्ठ नागरिकहरूलाई पंखा तथा झुल वितरण गरे ।
अत्यधिक गर्मी र लामखुट्टेको प्रकोप बढ्दै गइरहेको समय ज्येष्ठ नागरिकहरूलाई राहत दिने उद्देश्यले नगर स्तरीय कार्यक्रमबाट १ सय ४० जना ज्येष्ठ नागरिकहरूलाई उक्त सामग्री वितरण गरिएको नगर प्रमुख मण्डलले बताए। बजेट अभावको कारण यस वर्ष ८२ वर्षमाथिका ज्येष्ठ नागरिकलाई मात्र वितरण भए पनि आगामी आर्थिक वर्षदेखि अन्य ज्येष्ठ सबै नागरिकलाई पंखा र झूल वितरण गरिने उनले बताए। कार्यक्रममा मटिहानी नगरपालिका उपप्रमुख मन्जु देवी साह, वडा अध्यक्षहरू नाजिर मिया, अब्दुल गफार राईन, मिश्री नायक, कलीम अन्सारी, रितेश साह, मदन चौधरी, योजना अधिकृत राजेश कुमार शर्मा लगायतको उपस्थित रहेको थियो।

# योजना संकलन गर्न पालिकास्तरीय अनुगमन समिति



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पकहामैनपुर गाउपालिकाको आसार १० गते हुने गाँउपारिषद्का लागी योजना संकलन तथा अनुगमनका लागी पालिका स्तरिय अनुगमन समिती सक्रिय भएको छ। सो क्रममा सोमबार नेपाल राष्ट्रिय प्राथमिक बिधालय मैनपुरमा अनुगमन समिति पुगेर स्थलगत निरिक्षण गरेको छ। पालिका स्तरिय अनुगमनमा पकाहामैनपुर गाउँपालिका अध्यक्ष सुरेश मेहता, प्रमुख प्रशासकिय अधिकृत राज कुशवाहा, प्रशासन प्रमुख हरिमोहन महतो, लेखापाल निरन्जन प्रसाद पटेलको सहभागीता रहेको थियो। अनुगमन टोलीले पुराना कामको अनुगमन गर्नुका साथै आर्थिक बर्ष २०८०/०८१ का लागी योजना छनौटका लागी अनुगमन गरिरहेको अधिकृत राज कुशवाहाले बताए। नेपाल राष्ट्रिय प्राथमिक बिधालय मैनपुरका लागी यस बर्षको योजनामा पालिकास्तरीय बजेट बिनियोजन गर्नु अध्यक्ष सुरेश मेहताले निर्देशन दिएको लेखापाल पटेलले बताए। यसैगरी यसपालीको योजनामा शिक्षालाई बिशेष प्राथमिकतामा राखिएको बताउदै अध्यक्ष मेहताले परिषद नजिकिदै जाँदा योजना छनौटका लागि अनुगमन गरिएको बताए।

# वाइसिएल इकाइ कमिटी गठन



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका वडा नम्बर २९ रतनपुर टोलमा आज सम्पन्न वाइसिएलको भेलाले ९ सदस्यीय वाईसिएल इकाई कमिटी गठन गरेको छ।
नेकपा माओवादी केन्द्रका क्षेत्र नम्बर १ का इन्चार्ज सलाम अन्सारीको विशेष उपस्थितिमा वाईसिएलका जिल्ला संयोजक दिपेन्द्र सिह पटेलको सक्रियतामा सम्पन्न भेलाले कैयम अहमद अन्सारीको अध्यक्षतामा ९ सदस्यीय समिति गठन गरिएको हो।
समितिको उपाध्यक्षमा रुपेश महतो धानुक, सचिवमा साविर हुसेन खान, कोषाध्यक्षमा असरुद्दिन अन्सारी, सदस्यहरुमा असाहब आलम, प्रवेज अन्सारी, इरसाद अन्सारी, मन्सुर आलम अन्सारी र फुलमहम्मद अन्सारी रहेका छन्।

# लैङ्गिक समानतासम्बन्धी अन्तरक्रिया सुरु



**मधेशदृष्टि**
**वीरगंज।**
प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र नेपालको सहयोगमा र कम्युनिटी डेभलपमेन्ट एन्ड काउन्सेलिंग सेन्टरको आयोजनामा सोमबार लैगिंक सामनता तथा समाजिक समावेशीकरण मुलप्रवाहिकरण रणनिती योजना तथा अन्तरक्रिया कार्यक्रम सोमबार पर्साको पकहामैनपुरमा शुरु भएको छ। गाउपालिका अध्यक्ष सुरेश मेहताको अध्यक्षतामा शुरु भएको कार्यक्रममा कम्युनिटी डेभलपमेन्ट एन्ड काउन्सेलिंग सेन्टर बिरगंजका रामप्रबेश साहले प्रशिक्षण दिएका छन्। ४ वटा समुहमा बिभाजन गरी जनप्रतिनिधी तथा कर्मचारीहरु संग पालिकाको सवल पक्ष, दुर्बल पक्ष, समस्या र चुनौतीको बारेमा प्रस्तुती गराईएको थियो। कार्यक्रममा लैगिंक सामन्ता तथा समाजिक समावेशीकरण मुल प्रभावहिकरण रणनिती सम्बन्धी उपाध्यक्ष सर्फुननेसाको संयोजकत्वमा ७ सदस्यीय समिती सर्वसम्मत चयन गरिएको छ। कार्यपालिका सदस्य मध्ये लालपरी देवी, रामावती देवी वडाअध्यक्ष ढेडी यादव, समाजिक संस्थाबाट उमेश बैठा, कर्मचारीबाट सुनिता देवी बर्णवाल, सुधान्सु लगायत ७ जना रहेका छन्। यसैविच पर्साको पकहामैनपुर गाउपालिकामा आज स्वास्थ्य बिमा सम्बन्ध्धी पालिका स्तरिय ७ सदस्यीय समिती गठन गरिएको छ। गाउँपालिका अध्यक्ष सुरेश मेहताको संयोजकत्वमा रहेको समितीको सदस्यहरुमा बलिराम चौरसिया, संजय चौहान, रमेश मेहता, निरन्जन पटेल, लालती पासवान लगायत रहेका छन्।

भव्य उद्घाटन
मंगलम डायग्नोस्टिक सेन्टर प्रा. लि.
AN ISO 9001:2015 प्रमाणित प्रयोगशाला
ISO 9001:2015 Accredited Laboratory
Mangalam DIAGNOSTIC
उद्घाटन समारोह
बुधबार
२०८०/०२/३१
२०२३/०६/१४
रगत संकलन : बिहीबार
२०८०/०२/३२
२०२३/०६/१५ देखि
हॉस्पिटल रोड, जनकपुरधाम
Email: contact@mangalamdiagnostic.com
website: www.mangalamdiagnostic.com
Phone: +977 041-591060/9801253530
OPENING HOURS - 6AM TO 7PM
Follow Us On

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन